# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## सूर्योदय नगरपालिका
## इलाम




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं १**

पत्र संख्याः २०७८।७९
च.नं. ४३५ मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
सूर्योदय नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
इलाम ।

**कैफियतसहितको राय**

हामीले सूर्योदय नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियतसहितको राय व्यक्त गर्ने आधार**

१. सूर्योदय नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.३ करोड ६८ लाख ९४ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रू. १ लाख ७३ हजार फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१० लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १३ लाख ५६ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ७९ लाख ८१ हजार र पेश्की रू.६३ लाख ५२ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ९ करोड ७६ लाख ४४ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.१३ करोड ४३ लाख ६५ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।**
३. सूर्योदय नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

सूर्योदय नगरपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| १३२ | ३६ | ३६८९४ | ० | ७ | १७३ | १३२ | २९ | ३६७२१ | १०३२ | १७९८१ | ११३५६ | ० | ० | ३०३६९ | ६३५२ |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| इलाम | ९७६४४ | ० | ० | ९७६४४ | ० | ३६७२१ | १३४३६५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सूर्योदय नगरपालिका, इलाम , सूर्योदय नगरपालिका , इलाम

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Prakash Raj Poudel | २०७५-६-८ | २०७८-८-२८ |
| कार्यालय प्रमुख | योगनिधि भट्टराई | २०७८-८-२९ | २०७८-१०-९ |
| कार्यालय प्रमुख | मिलन भट्टराई | २०७८-१०-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सिर्जना विष्ट | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३६,८९४,०९५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २७,५७,०५,२२०.५९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५४,२१,९५,९७४.०४ | **चालु खर्च** | ४७,१७,७०,९२०.३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,५०,८१,९८८.२९ | **पूँजीगत खर्च** | ३३,०७,२६,७४३.८३ |
| **राजश्व बाँडफाँट** | १३,८८,३०,५७३.६५ | **वित्तीय/अन्य व्यवस्था** | २६,६५,३७,५३८.५३ |
| **आन्तरिक आय** | ५,२८,६८,२७३.०९ | | |
| **अन्य आय** | २७,७३,२२,८१०.९ | | |
| **कुल आय** | १,०४,६२,९९,६१९.९७ | **कुल खर्च** | १,०६,९०,३५,२०२.६६ |
| **बाँकी मौज्दात** | | २५,२९,६९,६३७.८९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सुर्योदय नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १४ वडा, ७३ सभा सदस्य, २५२०५२वर्ग किलोमिटर क्षेत्रफल तथा ५६ हजार ९९१ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण सीमा**<br>लेखापरीक्षण कार्यलाई थप व्यवस्थित गर्दै लैजाने नीति अनुरुप यस पटक NAMS (Nepal Audit Management System) मार्फत छनौट गरिका जोखिमका आधारमा वित्तीय विवरण र सोसंग सम्बन्धित कागजात परीक्षण गरिएको छ । पहिलो पटक वेभ वेस प्रतिवेदन जारी गरिएको हुँदा प्रतिवेदनमा समेत सोको प्रभाव पर्न सक्ने हुँदा देखिएका त्रुटीलाई परिवर्तन गर्दै लगिने छ । | |
| ३ | | | **लेखापरीक्षण क्रममा असूली**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को बुँदा नं. १५ (४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस आर्थिक वर्षमा बैक मार्फत लाभग्राहीको खातामा भत्ता रकम दाखिला हुनेगरी ३ वटै चौमासिकमा हुने रु.२०,४७,४९,१४१ निकासा दिएकोमा रु.२०,०८,२७,७६९ लाभग्राहीको खातामा रकम दाखिला गरेको देखियो । लाभग्राहीको खातामा दाखिला गरेको रकम घटाई संघीय संचितकोष फिर्ता गर्नुपर्ने रकम मध्ये बैंकले विभिन्न मितिमा भत्ता वितरण गरी बाँकी रहेको मौज्दात जनाई Reverse amount रु.३५७१४४ समेत रु.४२,७८,५१६ नगरपालिकाको संचित कोषमा दाखिला गरेको छ । नगरपालिका संचितकोषमा दाखिला गरेको उक्त रकम रु. ४२७८५१६ संघीय सञ्चितकोष फिर्ता गर्नुपर्ने भनि लेखापरीक्षणमा औलाइएकोमा सो रकम मिति २०७८।९।२० मा वेरुजु खातामा दाखिला भएको प्रमाण पेश भएको छ ।<br>दोहोरो भुक्तानी भएको संचार शुल्क रकम रु४४००० लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन जारी भएपछी असूल भएको। | |
| ६ | | | **आर्थिक विवरण**<br>नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भूक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) उपलब्ध गराउन माग गरिएकोमा सो अनुसारको विवरण प्राप्त भएको छ । सो अनुसार नगरपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ । | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोभै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोभै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ९८८४१०३६६.५७ | १०४६२९९६१९.९६ | | ८४५७५५९४८.२८ | ९६३३३९७३४.३१ | २३००००० | ९६५६३९७३४.३१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ९२८१९२६०९ | ७७४६२९१६६.८३ | ० | ७७२११०६६६.८३ | ६८६४७७६६२.४२ | २३००००० | ६८८७७७६६२.४२ |
| ११००० कर | ११ | १६०९२७६०० | १७०७६३४६६ | ० | १७०७६३४६६ | १२९४३७७७६.३१ | ० | १२९४३७७७६.३१ |
| १३००० अनुदान | | ७३३३२३३५६ | ५७७२७७९६२.३३ | ० | ५७४७५९४६२.३३ | ५२२०५६६७०.१३ | २३००००० | ५२४३५६६७०.१३ |
| संघीय सरकार | १२ | ५८९४६२५४१ | ५४२१९५९७४.०४ | ० | ५३९६७७४७४.०४ | ४७०९३७८४२.४१ | २३००००० | ४७३२३७८४२.४१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश सरकार | १२ | १४३८६०८१५ | ३५०८१९८८.२९ | ० | ३५०८१९८८.२९ | ५१११८८२७.७२ | ० | ५१११८८२७.७२ | |
| | | | १४००० अन्य राजस्व | | ३३९४१६५३ | २०९३५३८०.७४ | ० | २०९३५३८०.७४ | ३३५८०२२०.५७ | ० | ३३५८०२२०.५७ | |
| | | | १५००० विविध प्राप्ति | | ० | ५६५२३५७.७६ | ० | ५६५२३५७.७६ | १४०८९३३.४७ | ० | १४०८९३३.४७ | |
| | | | ख. अन्य प्राप्ति | | २९०५४०५२४.५७ | २७१६७०४५३.१३ | | ७३६४५२८१.४५ | २७६८६२०७१.८९ | | २७६८६२०७१.८९ | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० | |
| | | | कोषहरु | | ६०२१७७५७.५७ | २६११२०७०.७२ | ० | ५७३७८४८०.६६ | ४६६३८६४३.०६ | ० | ४६६३८६४३.०६ | |
| | | | धरौटी | | ० | १६२६६८००.७९ | ० | १६२६६८००.७९ | १४१६८१५७.८८ | ० | १४१६८१५७.८८ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | २३०३२२७६७ | २२९२९१५८२ | ० | ० | २१६०५५२७०.९५ | ० | २१६०५५२७०.९५ | |
| | | | भुक्तानी (ग+घ) | | १३३१६८४११३.५७ | १०६९०३५२०२.६६ | | ८३९७४३६२१.०४ | ९१३३५६००३.३६ | १८००८८२.३ | ९१५१५६८८५.६६ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | १२७१४६६३५६ | ८०२४९७६६४.१३ | | ८०२४९७६६४.१३ | ६७५६८२१७०.२९ | १८००८८२.३ | ६७७४८३०५२.५९ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | ३११७९१०२० | २८६२५९९९५.९९ | ० | २८६२५९९९५.९९ | ३०१६८४७७५.५१ | ० | ३०१६८४७७५.५१ | |
| | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | २२०३५१०४६ | ११२१८८८५७.८ | ० | ११२१८८८५७.८ | १०६१९६४२१.८१ | ० | १०६१९६४२१.८१ | |
| | | | २५००० सहायता (Subsidy) | १८ | ४७७५५००० | ४४५६१८४९.०२ | ० | ४४५६१८४९.०२ | ४३५७८६२५ | ० | ४३५७८६२५ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | ३७२२०००० | २६८२७१६२ | ० | २६८२७१६२ | ८०२४७७७ | ० | ८०२४७७७ | |
| | | | २८००० अन्य खर्च | १८ | ३२५२४३७ | १९३३०५५.४९ | ० | १९३३०५५.४९ | २१०२७२४ | ० | २१०२७२४ | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ६५१०९६८५३ | ३३०७२६७४३.८३ | ० | ३३०७२६७४३.८३ | २१४०९४८४६.९७ | १८००८८२.३ | २१५८९५७२९.२७ | |
| | | | घ. अन्य भूक्तानी | | २९०५४०५२४.५७ | २६६५३७५३८.५३ | | ३७२४५९५६.९१ | ९१३३५६००३.३६ | १८००८८२.३ | ९१५१५६८८५.६६ | |
| | | | कोषहरु | | ६०२१७७५७.५७ | २७८७६२४७.६२ | ० | २७८७६२४७.६२ | १५३७२२३३.१२ | ० | १५३७२२३३.१२ | |
| | | | धरौटी | | ० | ९३६९७०९.२९ | ० | ९३६९७०९.२९ | ६२४६३२९ | ० | ६२४६३२९ | |
| | | | संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | २३०३२२७६७ | २२९२९१५८२ | ० | ० | २१६०५५२७०.९५ | ० | २१६०५५२७०.९५ | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | -३४३२७३७४७ | -२२७३५५८३ | | ६०१२३२७.२४ | ४९९८३७३०.९५ | ४९९११७.७ | ५०४८२८४८.६५ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २७५७०५२२०.५९ | | २४४४३८८१०.६५ | २२३२८६०३१.०८ | | २२३२८६०३१.०८ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | | २५२९६९६३७.८९ | | २५०४५११३७.८९ | २७३२६९७६२.०३ | ४९९११७.७ | २७३७६८८७९.७३ | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |

| बिषय | | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| बैंक तथा नगद बाकी | २४ | | २५२९६९६३७.८९ | | २५०४४११३७.८९ | २७३९१६७८८.८७ | | २७३९१६७८८.८७ |

७

**अन्तर सरकारी अख्तियारी**

आर्थिक कार्यबिधि तथा नियमावली बित्तीय उत्तरदायित्व नियमाबली २०७७ को नियम ४६ मा स्थानिय तह मार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नेगरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानिय तहलाई संघिय निकायको ईकाईका रुपमा कार्यालयको कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने र अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम गर्ने कार्यालयले त्यस्तो अख्तियारी अनुसार भएको खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन स्विकृत ढाचामा अख्तियारी दिने निकायमा पठाउनुपर्ने ब्यबस्था छ । पालिकालाई यस बर्ष देहाय बमोजिम अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम कार्यन्वयन गर्न अख्तियारी तथा निकासा प्राप्त भई खर्च समेत भएकोमा खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाएको देखिएन । कानुनमा भएको ब्यबस्था अनुसार खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाउनु पर्दछ ।

| ब.उ.शि.नं. | बजेट | निकासा | खर्च |
| --- | --- | --- | --- |
| ३६५००१०४३ | १००००००० | ९५९८२२६ | ९५९८२२६ |
| ३१४०१०१२३ | ७७७००० | ७७७००० | ७७७००० |
| ३७०००११६४ | १४६६९७६७ | १४१६७२१४.६२ | १४१६७२१४.६२ |
| ३३६००१०२३ | २०४८७६००० | २०४७४९१४१ | २०४७४९१४१ |
| जम्मा | २३०३२२७६७ | २२९२९१५८१.६२ | २२९२९१५८१.६२ |

६

**वित्तीय विवरण**

६.१

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकियो अनुसार नगरपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।

• पालिकाले प्राप्त गर्ने दायित्वको जिम्मेवारी सार्ने र अद्यावधिक गर्ने गरेको छैन ।

• सुत्रबाट प्राप्त वित्तीय विवरणहरुमा पूर्ण रुपमा अंकगणितिय सुद्धता रहेको देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६.२ | | | अन्तिम मौज्दात श्रेस्ता अनुसार रु.२५२९६९६३७।८९ देखिएकोमा स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) २७२ मा भने रु.२५०४५११३७।८९ देखिन्छ । फरक परेको रु.२५१८५०० सम्बन्धमा संघीय सरकारको अनुदानमा अनुसूची १२ उल्लेखित रकम भन्दा घटी रकम प्राप्ति।भुक्तानीको प्राप्ती महलमा देखिएकोले अन्तिम मौज्दात घटी रहेको भन्ने कार्यालयको भनाई छ । | |
| ६.३ | | | आव ०७६।७७ को लेखापरीक्षण प्रतिवेदन अनुसार यस वर्ष रु.२७५७०५२२१ जिम्मेवारी सरी आएकोमा स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) २७२ मा रु.२४४४३८८१०.६५ मात्र जिम्मेवारी सरी आएको देखिन्छ । फरक परेको रकम रु.३१२६६४१०.३५ सम्बन्धमा गत वर्षको कोष तर्फ ग ५ र ग ७ को मौज्दात गत जिम्मेवारीमा नपरी यस वर्षको आयमा समावेश भएको भन्ने कार्यालयको भनाई रहेको छ । | |
| ७ | | | **कानुन संचालन र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार यस पालिकाले हालसम्म ५२ वटा ऐन, १९वटा नियमावली, ७१ कार्यविधि, २० निर्देशिका लगायत १६२ जटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । | |
| ८ | | | **चौमासिक प्रगति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै उपदफा (५) मा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ । कार्यालयले चौमासिक अवधि समाप्त भएपछी कानूनमा व्यवस्था भए बमोजिम प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाएको देखिएन । | |
| ९ | | | **आन्तरिक नियन्त्र प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको भएतापनि यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको छ,<br>• जिन्सी निरीक्षणमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको छैन, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • Public Assets Management System को प्रयोग भएकोमा सबै जिन्सी विवरण अद्यावधिक नभएको,<br>• सम्बन्धित फर्म तथा व्यक्तिको नाममा रकम भुक्तानी नगरी केहीमा कर्मचारीहरुलाई सोध भर्ना दिने गरेको,<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा नगरेको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा नगरेको,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरेको,<br>•संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता बमोजिम गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको, शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापनस्थल पहिचान एबं कार्ययोजना तयार नगरेको,<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेको,<br>• सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म.ले.प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको,<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म.ले.प. फाराम ९०३ मा राखेको पाइएन ।<br>• म.ले.प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखे नराखेको र अद्यावधिक नभएको ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च<br>
स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">मुख्य क्षेत्र</th><th rowspan="2">वार्षिक वजेट</th><th rowspan="2">खर्च रकम</th><th colspan="2">खर्च प्रतिशत</th></tr>
<tr><th>कुल बजेटको तुलनामा</th><th>कुल खर्चको तुलनामा</th></tr>
<tr><td>आर्थिक विकास</td><td>२४,१५,३२,७५५</td><td>७,९२,२३,८९५.३१</td><td>३२.७९</td><td>९.८७</td></tr>
<tr><td>सामाजिक क्षेत्र</td><td>४६,०१,२३,५८१</td><td>३७,५५,३२,४८८.७५</td><td>८१.६२</td><td>४६.८</td></tr>
<tr><td>पूर्वाधार विकास क्षेत्र</td><td>३५,८२,२९,६८५</td><td>२१,०२,५९,०४४.५७</td><td>५८.६९</td><td>२६.२</td></tr>
<tr><td>वित्तीय व्यवस्थापन र सुशासन</td><td>७,७०,७२,५००</td><td>३,४४,५३,३७४.४७</td><td>४४.७</td><td>४.२९</td></tr>
<tr><td>कार्य सञ्चालन तथा प्रशासनिक खर्च</td><td>१३,४५,०७,८३५</td><td>१०,३०,२८,८६१.०३</td><td>७६.५९</td><td>१२.८४</td></tr>
<tr><td>जम्मा</td><td>१,२७,१४,६६,३५६</td><td>८०,२४,९७,६६४.१३</td><td>६३.११</td><td>१००.</td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये पूर्वाधार विकास क्षेत्रमा ५८.६९ प्रतिशत र वित्तिय व्यवस्थापन तथा सुशासनमा ४४.७० प्रतिशत रहेको छ । बजेटको तुलनामा सबै क्षेत्रमा लक्ष्य अनुसार न्यून खर्च भएको देखिएकोले पुँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्देश्य हासिल गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>११</td><td></td><td></td><td>
न्यायिक समिति<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि व्यवस्था छ । न्यायिक समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवाद दर्ता एवं फछ्र्यौट विवरण अनुसार यस बर्ष विभिन्न ९ विषयका कुल ४५ विवाद दर्ता भएकोमा २६ फछ्र्यौट भई १९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२</td><td></td><td></td><td>
चौमासिक पूँजीगत खर्च<br>
प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २४ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २६ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th rowspan="2">सि.नं</th><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेसो चौमासिक</th></tr>
<tr><td>१</td><td>न पा पुंजिगत</td><td>३३०७२७</td><td>२९४९५</td><td>७५४००</td><td>२२५८३२</td><td>१२०६७३</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td>१००</td><td>८.९२</td><td>२२.८</td><td>६८.२८</td><td>३६.४९</td></tr>
</table>
उपरोक्त विवरणलाई विश्लेषण गर्दा अन्तिम चौमासिकमा र विशेष गरी आषाढ महिनामा बढी खर्च गरेको देखिन्छ । यसरी वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>
खाना तथा विविध खर्च<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष नगरपालिका चालु शिीर्षकबाट खाना तथा विविधतर्फ मात्र रु. ३८५०२७३/- खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>
आर्थिक सहायता<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि पालिकाले यस वर्ष अन्य सामाजिक सहायता भनी रु . ५००००/- खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>
बेरुजू लगत<br>
पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको म.ले.प. फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको म.ले.प. फारममा बेरुजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ ।<br>
• म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत<br>
• म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन<br>
• म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **धरौटी विवरण**<br>प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ६६ (२) मा उपनियम (१) बमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भएमा सोही अवधिभित्र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो कामसम्बन्धि कारवाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बांध्नु पर्ने व्यवस्था छ । कार्यालयको आ.व. ७७/७८ सम्म धरौटी खातामा मौज्दात रहेको रु.२५७४८५२१ जिम्मेवारी सारेकोमा प्रयोजन सकिएको धरौटी रकम नियमावली अनुसार सदरस्याहा गर्नुपर्दछ । | |
| १७ | | | **आकष्मिक कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० मा नगरपालिकाले स्थानीय कानून बमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सक्ने व्यवस्था छ । नगरसभाले सूर्योदय नगरपालिकाको आकस्मिक कोष सञ्चालन ऐन, २०७६ जारी गरी लागु गरेको छ । गत आर्थिक वर्षको सञ्चितकोषबाट आकस्मिक कोषमा रु.५० लाख मौज्दात सारेकोमा यस वर्ष थप नभई आ.व. २०७७/७८ को लागि रु. ५० लाख नै जिम्मेवारी सरेको छ । | |
| १८ | | | **सम्पत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले सम्पत्ति हस्तान्तरणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| १९ | | | **जग्गा उपयोगको मापदण्ड**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू–जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २० | | | **महिला हिंसा निवारण कोष**<br>गत वर्ष संघीय सरकारको ब.उ.शि.नं. ३४०००१०५३ (राष्ट्रपति महिला उत्थान कार्यक्रम) बाट महिला हिंसा निवारण कोष स्थापनाका लागि रु. १००००.०० र यस वर्ष प्रदेश सरकारबाट रु.२०००००.०० प्राप्त भई आ.व. २०७८/८९ को लागि रु.२१००००.०० जिम्मेवारी सरेको छ । कोषको संचालनमा नआई निस्कृय रहेको छ । लैंगिक हिंसा निवारण कोष (सञ्चालन) नियमावली, २०६७ को नियम ११ मा स्थानीय तहले स्थानीय कानून बमोजिम तत्काल स्थानीय उद्धार तथा राहत समिति गठन गर्ने र सो सम्बन्धी अन्य व्यवस्था स्थानीय कानून बमोजिम हुने उल्लेख छ । नगरपालिकाले स्थापना गरेको उक्त कोषको सञ्चालन एवं उल्लेखित समिति गठन सम्बन्धमा कार्यविधि निर्माण गरी कोषको उद्धेश्य अनुरुप सञ्चालनको व्यवस्था मिलाउनु पर्दछ। | |
| २१ | | | **मौजुदा सूची तयारी**<br>सूर्योदय नगरपालिकको सार्वजनिक खरिद नियमावली, २०७६ को दफा १९ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क. बमोजिम मौजुदा सूचीमा दर्ता हुन वा अद्यावधिक गर्न चाहने व्यक्ति, संस्था, आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकले पेश गरेको निवेदनमा आवस्यक जाँचजुझ गरी दर्ता गराइ छुट्टाछुट्टै मौजुदा सूची तयार गर्नु पर्ने, त्यस्तो मौजुदा सूचीको विवरण कार्यालयको सूचना पाटी र वेवसाइटमा राखी अर्धवार्षिक रुपमा सार्वजनिक गर्नु पर्ने व्यवस्था छ । कार्यालयले नियममा उल्लेख भए बमोजिमको मौजुदा सूची तयारी तथा सार्वजनिक गरेको छैन । | |
| २२ | | | **ठेक्का अभिलेख**<br>सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा निर्माण कार्यको अभिलेखांकनका लागि महालेखा-+परीक्षकबाट स्वीकृत मलेप फारम नं ५०७ अनुसारको अभिलेख राख्नुपर्ने व्यवस्था छ । उक्त अभिलेखबाट गर्नुपर्ने कूल काम, हालसम्म भएको काम तथा बांकी कामको अवस्था, कार्यसम्पादन जमानत, पेश्की लिन पेश गरेको बैक जमानतको मान्य अवधिको अवस्था, खरिद सम्झौताको म्याद थपको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी देखिने गरी अभिलेख तयार गरी अद्यावधिक गर्नुपर्नेमा यस कार्यालयले सो अनुसारको अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढांचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख तयार गरी अद्यावधिक राख्नुपर्ने देखिन्छ । | |
| २३ | | | **क्षतिपूर्ति**<br>वडा नं. १० को वडा कार्यालय भवन निर्माण कार्य क्रमागत ठेक्का नं. २५-७५।७६ को ठेक्का अन्त्य गरेको वापत क्षतिपुर्ति स्वरुप खनाल निर्माण सेवालाई रु४३१४११।६२ कर कट्टा गरी रु.४१०७९५।२० खुद भुक्तानी भएको छ । नगर कार्यापालिकाको मिति २०७८।२।२० को बैठकको निर्णयले २०७७।२।२८ गते भन्दा अगाडी सम्म भएको निर्माण कामको र निर्माण कार्यको लागि खरीद भएको निर्माण सामाग्री वापतको प्राविधिकबाट मूल्याङ्कन बमोजिमको क्षतिपूर्ति रकम भुक्तानी गर्ने निर्णय भएको देखिन्छ। साइट छनौट गलत भई ठेक्का रद्द गरिदा कार्यालयलाई अनावश्यक थप आर्थिक दायित्व भार पर्न गएको छ । | |
| २४ | | | **नापी किताब**<br>निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई नापी किताव नराखिदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज नहुने हुँदा अभिलेख राखीनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **कर्मचारी दरबन्दी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा प्रशासकीय सङ्गठन र कर्मचारी दरवन्दी सम्बन्धी व्यवस्था छ । उक्त व्यवस्था बमोजिम कार्यालयले संगठन व्यवस्थापन सर्भेक्षण प्रतिवेदन तयार गरी उपनियम १० बमोजिम नगरसभामा पेश गरेकोमा नगर सभाले उल्लेखित प्रतिवेदन बमोजिम संगठन संरचना एवं दरवन्दी कायम गर्न कार्यपालिकालाई निर्देशन दिएको भएतापनि संगठन संरचना एवं दरवन्दी मिलान सम्बन्धी कार्य भएको छैन । यसबाट कार्यालयको वास्तविक दरवन्दी यत्तिनै हो भनी एकिन गर्न सक्ने अवस्था रहेन । | |
| २६ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ८९ जना कर्मचारीहरु करारमा राखी रु. २५७६४३००५। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको १२ सहायक कम्प्युटर अपरेटर, २ इन्जिनियर जना, २ ना प से प्रा , १ खेल प्रशिक्षक, १ आइटी अफिसर, १ प्राविधिक सहायक, १ आर्किटेक्ट इन्जिनियर, १ अमिन र १ जना बाली संरक्षण पदमा करार नियुक्ति गरी बर्षभरीमा रु. ७४७७७७०। भुक्तानी गरेको अनियमित देखिएको रु. | ७,४७७,७७० |
| २७ | | | **तलवी प्रतिवेदन**<br>स्थायी कर्मचारीको तलव भुक्तानी गर्दा पारित तलवी प्रतिवेदन बमोजिम भुक्तानी गर्नु पर्नेमा स्थानिय तहमा नयाँ नियुक्त कर्मचारीहरु, साविक जिल्ला विकास समिति तथा साविक स्थानीय तहबाट समायोजन भएका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश भएकोमा नीतिगत अष्पष्टताका कारण हाल सम्म पारित हुन नसकेको जानकारी प्राप्त भएको छ । | |
| २८ | | | **साना तथा टुक्रे योजना**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउदा सहभागीतामुलक,उत्पादनमुलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजनाछनौट गरि प्राथमिकीकरण गर्नु पर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बाषिर्क योजना २०७७।७८ अनुसार पालिकाले स्वीकृत गरेका अधिकाशं योजना वडागत रुपमा बनाइएका तथा न्युन बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । पालिकाले यस बर्ष सञ्चालन गरेको योजनाको संख्या देहाय अनुसार रहेको छ ।<br><table><tr><td>रु १ लाख सम्म</td><td>रु १ लाख देखि २ लाख सम्म</td><td>रु २ लाख देखि ५ लाख सम्म</td><td>रु ५ लाख देखि १० लाख सम्म</td><td>रु १० लाख बढीका</td><td>जम्मा योजना संख्या</td></tr><tr><td>१००</td><td>८५</td><td>२५</td><td>४०</td><td>८०</td><td>३३०</td></tr></table>उल्लिखित विवरण अनुसार नगरपालिकाले यस बर्ष १ लाख भन्दामुनीका १०० वटा योजना र १० लाखभन्दा माथिका ८० वटा मात्र योजना रहेका छन् । त्यसैले साना रकमका धेरै योजना सञ्चालन गर्दा कार्यालयका जनशक्ति बर्षैभरी योजना व्यवस्थापनमा खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **अबण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.३ करोड ६० लाख भैपरी आउने पुँजीगत खर्च र रु २ करोड २९ लाख ६२ हजार विभिन्न योजनाका लागि समपुरक कोषमा अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ३० | | | **रकमान्तर**<br>आर्थिक वर्ष ०७७।७८ का लागि स्वीकृत भएको योजना तथा कार्यक्रममा विभिन्न कोष तथा योजना तर्फ स्वीकृत रु.७,८१,३६,८३७ रकम बराबरको ६५ योजनालाई घटाई गरी नयाँ तथा भएका योजनामा रकम थप योजना रु.८,४६,५५,३३८ रकम बराबरको १२३ योजना/कार्यक्रम कार्यपालिकाको पटक पटकको निर्णयले नयाँ योजना कार्यान्वियन वा भएका योजनामा थपघट गरी सभामा सिफारिस भई नगरसभाको बैठकले विनियोजन ऐन, २०७७ लाई संशोधन गरी स्वीकृत गरेको देखियो । योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वियनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ३१ | | | **बजेट सीमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था रहेको छ । उक्त समितिले समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उक्त समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ३२ | | | **बजेट तर्जुमा समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । कार्यालयले सोअनुसार बजेट तर्जुमा गरेको पाइएन । | |
| ३३ | | | **नगर प्रोफाइल**<br>नगर प्रोफाईल पालिकाको स्वीकृत वार्षिक नगर विकास योजना अनुसार नगर प्रोफाइल निर्माण कार्यको लागि रु.११००००.०० विनियोजन गरेको छ । नगर प्रोफाइल निर्माणको लागि प्रत्येक १४ वडामामै तथ्यांक संकलक, संचार खर्च तथा विविध प्रशासनिक खर्च रु.७२६७४०.०० जनाएको छ । तर लेखापरीक्षण अवधि सम्म पनि नगर प्रोफाइल निर्माण गरी प्रकाशन गरेको पाइएन । जसले गर्दा कार्यक्रमको उद्धेश्य पूरा भएको पाइएन । अतः नगर प्रोफाइल निर्माण कार्य तत्काल सम्पन्न गरी प्रकाशन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **विद्यालयगत निकासा रजिष्टर**<br>आर्थिक कार्यविधि नियमावलीतथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ । | |
| ३५ | | | **सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर**<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । नगरपालिकाले आ. व. २०७७।७८ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन देखिएन । नगरपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| ३६ | | | **निजि लगानीका विद्यालयको छात्रवृत्ति**<br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक वालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।<br>विद्यार्थी संख्या — निशुल्क शिक्षाका लागि आरक्षण संख्या<br>५०० जना सम्म — कम्तिमा १० प्रतिशत<br>५०० जना देखि ८०० जना सम्म — कम्तिमा १२ प्रतिशत<br>८०० जना भन्दा बढी — कम्तिमा १५ प्रतिशत<br>यस नगरपालिका क्षेत्र भित्र निजी लगानीमा सञ्चालित विद्यालयहरुले नियममा व्यवस्था भए बमोजिम निशुल्क शिक्षाका लागि आरक्षण व्यवस्था गरेको विवरण पेश भएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **विद्यालयको नियमन**<br>स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी गाउँपालिका र नगरपालिकाको काम कर्तब्य अधिकारको खण्ड(ज) (२१) मा सामुदायिक बिद्यालयलाई दिने अनुदान तथा सो को बजेट ब्यबस्थापन, बिद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने ब्यबस्था छ । पालिकाले यस स्थानिय तह अन्तर्गतका समुदायिक बिद्यालयले बिद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखेनराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरेनगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखीएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम बिद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुबिधा अनिबार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन । | |
| ३८ | | | **अनुदान व्यवस्थापन युनिट**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ मा भौतिक निर्माण सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय तहस्थित सम्पुर्ण विद्यालयहरुको अनुसूची ५ मा उल्लेखित मापदण्डका आधारमा भौतिक सर्वेक्षण गरी आवश्यक्ताको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सुचकाङ्क सहितको विवरण तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले सोही व्यवस्था बमोजिम प्राथमिकताक्रमका आधारमा विद्यालय छनौट गरेको पाइएन। त्यस्तै, विद्यालय कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८, कार्यक्रम कार्यान्वियन सम्बन्धी मार्गदर्शन (बुँदा नं. १८ ठ) अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था गरेकोमा सो अनुसार कार्य गरेको पाइएन । कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ । | |
| ३९ | | | **आय ठेक्काको अभिलेख**<br>नगरपालिकाले यस वर्ष तथा विगतका वर्ष देखिनै लगाएका आय ठेक्काको अभिलेख राखेको छैन । फाइल व्यवस्थापन गर्ने र सोको व्यवस्थित अभिलेख राख्नुपर्दछ । नगरले ठेक्काबाट यस वर्ष तथा विगत समेतको कुन ठेक्काबाट कति रकम यस वर्ष उठ्नुपर्ने हो तथा विगत वर्ष देखिको उठ्न बाँकी रकम कति हो सोमा लाग्नुपर्ने व्याज तथा जरिवानको रकम कति हो भनि अभिलेख राख्नुपर्नेमा सो अभिलेख राखेको पाईएन । यसमा सुधार हुनुपर्दछ । | |
| ४० | | | **वार्षिक खरिद योजना**<br>सूर्योदय नगरपालिकको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम ९ मा वार्षिक खरिद योजना निर्माण गर्नुपर्ने व्यवस्था छ । वार्षिक १० लाख रुपैंया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दाका वखत नै खरिद योजना तयार गर्नु पर्ने, प्रमुखले चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट सभाबाट पारित भएपछि त्यस्तो खरिद योजना स्वीकृत गर्नु पर्ने र प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो स्वीकृत खरिद योजना वार्षिक कार्यक्रम तथा बजेटसाथ संलग्न राखी अनुगमन प्रयोजनका लागि जिल्ला समन्वय समिति र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने कानूनी व्यवस्था भएकोमा खरिद योजना निर्माण नगरेबाट कानूनमा भएको व्यवस्थाको पालना भएन । यसबाट खरिद सम्बन्धी कुन कारबाही कुन समयमा गर्ने भन्ने विषयमा स्पष्ट नहुने भएकोले समयमा खरिद प्रकृया सञ्चालन हुन नसक्ने अवस्था सृजना भएको छ । | |
| ४१ | | | **नेपाल रेडक्रसलाई अनुदान**<br>१०३-०७७/६/२६ नगर पालिकाले नेपाल रेडक्रस सोसाइटी इलामको भवन निर्माण गर्नको लागि २०७७।६।२६ मा सम्झौता गरी रु.३०००००/- अनुदान भुक्तानी दिएको छ । अनुदान भुक्तानी सम्झौतामा आयोजना सम्पन्न पश्चात आयोजनाको प्राविधिक मूल्यांकन सहितको प्रतिवेदन र भवन निर्माण कार्यमा खर्चको प्रमाणित विल भरपाई पालिकामा पेश गर्नुपर्ने उल्लेख छ । सम्झौतामा उल्लेख अनुसार भवन निर्माण कार्य सम्पन्न पछिको कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले उक्त कागजात पेश गर्नुपर्ने रु. | ३००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४२</td><td></td><td></td><td>कोरोना नियन्त्रण र व्यवस्थापन</td><td></td></tr>
<tr><td>४२.१</td><td></td><td></td><td>कोरोना (कोभिड १९) नियन्त्रण र व्यवस्थापन कार्यका लागि प्राप्त आय व्यय विवरण रहेको देखिन्छ ।
<table>
<tr><th>आम्दानी विवरण</th><th>रकम</th><th>खर्च विवरण</th><th>रकम</th></tr>
<tr><td>गत मौज्दात</td><td>१०५००९८.७४</td><td>स्वास्थ्यकर्मीको जोखिम भत्ता</td><td>१६४४१७९.९६</td></tr>
<tr><td>५ वेड अस्पताल संचालन अनुदान</td><td>१००००००</td><td>महामारी रोकथाम नियन्त्रण सम्बन्धी कृयाकलाप</td><td>१०८०२६</td></tr>
<tr><td>प्रदेश सरकार सामाजिक विकास मन्त्रालय</td><td>१००००००</td><td>क्वारेण्टाइन, आइसोलेसन तथा कोभिड अस्पताल व्यवस्थापन</td><td>८४४०८९</td></tr>
<tr><td>जिल्ला प्रशासन कार्यालय</td><td>१००००००</td><td>क्वारेनटाइनमा खाना व्यवस्थापन</td><td>९७६१३०</td></tr>
<tr><td>नगरपालिका सञ्चित कोष</td><td>३७०००००</td><td>पिसीआर तथा एण्टिजेन परीक्षण</td><td>३७८००</td></tr>
<tr><td>संघीय सरकार क्वारेण्टाइन संचालन अनुदान</td><td>२१९२७५</td><td>तलव तथा जोखिम भत्ता</td><td>६६३८९६</td></tr>
<tr><td>अन्य</td><td>३२०९२</td><td>विविध खर्च</td><td>३००६०</td></tr>
<tr><td></td><td></td><td>स्वास्थ्य सामाग्री व्यवस्थापन</td><td>२१४४३३७.६१</td></tr>
<tr><td></td><td></td><td>कोभिड अस्पताल निर्माण</td><td>१५०३२०८.४</td></tr>
<tr><td></td><td></td><td>मौज्दात</td><td>४९७३८.७७</td></tr>
<tr><td>जम्मा</td><td>८००१४६५.७४</td><td>जम्मा</td><td>८००१४६५.७४</td></tr>
</table></td><td></td></tr>
<tr><td>४२.२</td><td></td><td></td><td>कोरोना पिडित जनताका लागि राहत वितरण गर्न चामाल, दाल, नुन, तेल लगायतका खाद्य वस्तु तथा औषधी र स्वास्थ्य उपकरण तथा अन्य विविध सामाग्रीहरु खरीद गर्दा सार्वजनिक खरीद नियमावली, २०६४ को प्रक्रिया अवलम्बन नगरी विशेष परिस्थिती उल्लेख गरी सिधै खरीद भएको देखियो ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२.३ | | | कार्यालयले कोभिड महामारी नियन्त्रणका लागि सीमा नाका व्यवस्थापन, तथ्याङ्क संकलन, समुदायमा सचेतना कायक्रम, स्वास्थ्य सामाग्री वितरण, फिवर क्लिनिक संचालन परीक्षण तथा उपचार लगायतका कार्यहरु गरेको भन्ने विवरण पेश गरेको छ । कोभिड जस्ता प्रकोप महामारीको पूर्व आँकलन गरी पूर्व तयारी र महामारी पछि नियन्त्रण तथा रोकथामका लागि कार्ययोजना बनाई कार्य गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ । | |
| ४२.४ | | | स्थानिय तहमा कोभिड १९ अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन, २०७७ अनुसार १ जना मेडिकल अधिकृत २ स्टाफ नर्स र १ जना अफिस एसिस्ट्यान्ट रहने व्यवस्था छ । सूर्योदय नगरपालिकाको कोभिड १९ अस्थायी अस्पतालमा १ जना मेडिकल अधिकृत तथा २ जना अनमी गरी ३ जना स्वास्थ्यकर्मीहरु कार्यरत छन्। मार्गदर्शन बमोजिम दरबन्दी हुनुपर्दछ । | |
| ४३ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को परिच्छेद ५ अनुसार तोकिएको म्यादभित्र पेश्की फछ्र्यौट गर्नुपर्नेमा निम्नानुसारको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसारअसूल फछ्र्यौट हुनुपर्ने रु. | ६,३५२,४९८.२६ |

| पेश्की लिनेको नाम | पेश्की दिएको मिति | पेश्की रकम | |
|---|---|---|---|
| | | म्याद नाघेको | म्याद ननाघेको |
| ए.डि.सी. कन्ष्ट्रक्सन | ०५/१९/२०७७ | | ४१०१९४.६६ |
| श्री बौद्ध निर्माण सेवा | १०/०६/२०७७ | | ४००००० |
| भगवती निर्माण सेवा | १०/१३/२०७७ | | २७०००० |
| श्री बौद्ध निर्माण सेवा | १०/२५/२०७७ | | २४०००० |
| नागार्जुन आसिका जे.भी. | १२/११/२०७७ | | १२२७००० |
| नागार्जुन आसिका जे.भी. | ०३/१३/२०७८ | १२१८००० | |
| अम्वीटार सिरुवानी जल उपभोक्ता संस्था सू.न.पा.-७ इलाम | ०३/२७/२०७८ | ६५६३८८.०८ | |
| दशगते फेदी सिंचाइ जल उपभोक्ता संस्था सू.न.पा.- १ गोर्खे इलाम | ०३/२७/२०७८ | ८६०३५२.३३ | |
| माघेटार जल उपभोक्ता संस्था सू.न.पा. - ११ माघे | ०३/२७/२०७८ | ९२५३५९ | |
| रामेखोला मेलबोटे सिंचाइ जल उपभोक्ता संस्था सू.न.पा.-१० संगम रत्नचौक इलाम | ०३/२७/२०७८ | ८५२८०७.५७ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कट्याङ खोला सिंचाई आयोजना जल उपभोक्ता समिति</td><td>०३/२७/२०७८</td><td>१२२७०९१.२८</td><td></td></tr>
<tr><td>प्रदिप चापागाई</td><td>०४/०१/२०७७</td><td>२०००००</td><td></td></tr>
<tr><td>प्रदिप चापागाई</td><td>०६/०७/२०७७</td><td>१२५०००</td><td></td></tr>
<tr><td>मनकुमारी थारु</td><td>०९/२८/२०७७</td><td>८७५००</td><td></td></tr>
<tr><td>एकमाया बोहोरा</td><td>०३/०६/२०७८</td><td>१०००००</td><td></td></tr>
<tr><td>जयन्ती बयक</td><td>०३/२५/२०७८</td><td>१०००००</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>६३५२४९८</td><td>२५४७१९४.६६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>महंगी भत्ता<br>कार्यालयले करारमा लिएको कर्मचारीलाई करार सम्झौतामा उल्लेख भए बमोजिमको पारिश्रमिक उपलब्ध गराउनु पर्दछ । पालिकाले करार सेवामा लिएको कार्यालय सहायक श्री वाल कुमार गिरीलाई पारिश्रमिक भुक्तानी गर्दा सम्झौतामा उल्लेख नभएको महंगी भत्ता रु. २००० का दरले मासिक भुक्तानी गरेको पाइयो । करार सम्झौतामा उल्लेख भएको भन्दा बढी भुक्तानी गरेको महंगी भत्ता रकम असूल गर्नेपर्ने रु.</td><td>२३,७६०</td></tr>
<tr><td>४५</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन<br>कर्मचारी प्रोत्साहन सूर्योदय नगरपालिका कर्मचारी प्रोत्साहन सम्बन्धी मापदण्ड, २०७६ को बुदाँ ३ मा प्रत्येक महिना अनिवार्य काम गर्नुपर्ने अवधि अतिरिक्त थप समय काम गर्ने कर्मचारीलाई प्रोत्साहन रकम उपलब्ध गराउँदा हाजिरीबाट बञ्चित भएको अवस्थामा हाजिरी प्रमाणित गर्ने गराउने उल्लेख छ । कार्यालयले पशुचिकित्सक विपिन कुमार सिंह र पशु अधिकृत कृष्णचन्द्र झा लाई २०७७ पौष देखि चैत्र महिनासम्मको रु.२२७४६१/- प्रोत्साहन रकम भुक्तानी गरेको छ । नियमानुसार विद्युतीय हाजिरी नभएको भनी हाजिरी प्रमाणित गरेको पाइएता पनि विद्युतीय हाजिरी नै नराखी सबै महिनाको हाजिरी प्रमाणित गरेकोले अतिरिक्त समय काम गरेकै हो नभी एकीन हुन सकिएन । अत आगामी दिनमा विद्युतीय हाजिरी राखि यथार्थ खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>भुक्तानी दिन बाँकीको कच्चावारी<br>आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) मा चालू वर्षको बजेटले नखामेमा व्यहोर्नु पर्ने उचित कारण र आधार भएमा सम्बन्धित कार्यालयले आगामी वर्षमा भुक्तानी दिनको लागि कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई भुक्तानी दिनु पर्ने उल्लेख छ । आ.व. २०७६/७७ को १४ जना कर्मचारीको एक वर्षको ग्रेड रकम छुट भनी रु.१७०८४०/÷ भुक्तानी गर्दा नियमानुसार राख्नु पर्ने भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित नगराई भुक्तानी भएको छ । जसले गर्दा भुक्तानी दिन बाँकीको विवरण एकीन गर्न नसकिने हुँदा आगामी दिनमा यस्तो भुक्तानी दिंला नियमको पालना गरी भुक्तानी दिन बाँकीको विवरण प्रमाणित गराई भुक्तानी दिनु पर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>कानूनी सल्लाहकार<br>गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ (प्रथम संशोधन) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । ऐन वितरित नगरपालिकाले १ जना कानूनी सल्लाहकार नियुक्त गरी मासिक रु. २००००/- का दरले भुक्तानी गरेको खर्च नियमसम्मत नदेखिएको रु.</td><td>२६०,०००</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>जनक मावि भवन<br>सार्वजनिक निकायले सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १० का आधारमा लागत अनुमान तयार गर्ने र नियम १२३ ख मा खरीद सम्झौता अनुसार कुनै निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । जनक मावि भवन निर्माणको कार्य एन्जेस क्न्ट्रक्सनले गरेकोमा निम्नानुसार बढी भुक्तानी भएकोले असूल गर्नुपर्ने रु.
<table>
<tr><th>कामको विवरण</th><th>बढी परिमाण</th><th>दर</th><th>असूल गर्नुपर्ने रकम</th><th>कैफियत</th></tr>
<tr><td>RCC (M10)</td><td>5.68$m^3$</td><td>14600</td><td>82928</td><td>जोडजम्मा गर्दा 33.05 $m^3$ हुनुपर्नेमा 38.73 $m^3$ देखाएकोले बढी परिमाण देखाएको छ ।</td></tr>
<tr><td>Brick masonry (1:4)</td><td>2.34 $m^3$</td><td>11400</td><td>26676</td><td>Sill and Lintel नभएकोले बढी परिमाण देखाएको छ।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>109604</td><td></td></tr>
</table></td><td>१०९,६०४</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>खरीद सम्झौताको सूचना<br>सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १४७ मा खरिद सम्झौता भएको तीन दिन भित्र सो सूचना नगरपालिकाले आफ्नो सूचना पाटीमा टाँस गरी जिल्ला समन्वय समितिको कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचना पाटीमा टाँस गर्न लगाउने व्यवस्था गर्नु पर्ने र त्यस्तो सूचना नगरपालिकाले आफ्नो वेवसाइटमा राखी सार्वजनिक खरिद अनुगमन कार्यालयमा समेत पठाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले गरेका खरिद सम्झौताको सूचना सार्वजनिक गर्ने गरेको छैन । नियममा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>खरिद कारबाहीको अभिलेख<br>सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १४९ (१) मा सार्वजनिक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टा छुट्टै फायल खडा गरी राख्नु पर्ने व्यवस्था छ । त्यस्तै उपनियम (२) मा त्यस्तो फायलमा राख्नु पर्ने कागजातको सूची उल्लेख छ । नगरपालिकाले विभिन्न निर्माण तथा आपुर्ति कार्य ठेक्का मार्फत गरेकोमा हरेक खरिद सम्झौताको छुट्टाछुट्टै फायल खडा गरी राखेको छैन । यसबाट कुनै निश्चित खरिद कार्यको बारेमा जानकारी लिन कठिनाइ भएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **लागत अनुमान**<br>सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १० बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । कार्यालयले निम्नानुसारको योजनाको भवनको DPR गर्नको लागि निम्नानुसारको कन्सल्ट्यान्टले निम्नानुसार कार्य गरेकोमा ड्रइङ्ग डिजाइन अनुसार लागत अनुमान तयार गरेको छैन । अतः उक्त कार्यको लागि कन्सल्ट्यान्टलाई समेत जिम्मेवार बनाउनु पर्दछ । | |

| योजनाको नाम | कन्सल्ट्यान्टको नाम | खर्च रकम |
|---|---|---|
| १५ शैयाको आधारभूत अस्पताल | आर एन इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ९९०३३२ |
| Tea Testing Promotion center | क्रियटिभ डिजाइन ग्रुप प्रा लि | ४९५५०५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **डइङ्ग डिजाइन**<br>सार्वजनिक निकायले सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १० का आधारमा लागत अनुमान तयार गर्ने र नियम १२३ ख मा खरीद सम्झौता अनुसार कुनै निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सञ्चालित योजनाहरुको निर्माण कार्य गर्दा Earth Cutting Work, Stone masonry, Gabon masonry, Drain लगायतको कार्य गर्दा Cross Section Drawing and Structure को Drawing लागत अनुमान तयार गर्दा र नापी किताब तयार गर्दा समावेश गर्नुपर्नेमा नगरेकोले परिमाण एकीन गर्न सकिएन । अतः निर्माण कार्यको ड्रइङ्ग तयार गर्नु पर्दछ । केही उदाहरण | |

| क्र.सं. | योजनाको नाम | कामको विवरण | परिमाण | दर | रकम |
|---|---|---|---|---|---|
| १ | मानेभञ्याङ्ग चोक देउराली बाघविरे सडक | Earthwork excavation | 3977.80m$^3$ | 50.21 | 199725.33 |
| | | Stone masonry | 82.93 m$^3$ | 9278 | 769383.9 |
| | | Gabion Work | 30 m$^3$ | 5678 | 170346.6 |
| २ | वतासे भञ्याङ्ग हेल्थपोस्ट जिमिखान सडक | Earthwork excavation | 4964.60 m$^3$ | 50.21 | 249272.56 |
| | | Stone masonry | 85.40 m$^3$ | 9278 | 792299.35 |
| | | Gabion Work | 102 m$^3$ | 5678 | 579178.44 |
| ३ | ठकुरचोक बालभञ्याङ्ग गणेश हिमाल सडक | Earthwork excavation | 4608.60 m$^3$ | 50.21 | 231397.8 |
| | | Stone masonry | 132.94 m$^3$ | 5678 | 1233352.2 |
| | | Gabion Work | 94 m$^3$ | 5678 | 533752.68 |
| ४ | सहितचोक रत्न चोक संगमटोल सडक | Earthwork excavation | 3634.40 m$^3$ | 60.17 | 218681.85 |
| | | Gabion Work | 155 m$^3$ | 4834 | 218681.84 |
| ५ | बरबोटै गैरीगाउँ कजिनी सडक | Stone masonry | 2366.4 | 44.14 | 104452.89 |
| | | Gabion Work | 169.04 | 8324 | 1373753.4 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५३</td><td></td><td></td><td>डिपिआर डिजाइन<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा भएको व्यवस्था बमोजिम प्रचलित कानून बमोजिम सार्वजनिक निकायले वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आव्हान गर्न हुँदैन । नगरपालिकाका देहायका ठूला र क्रमागत योजनाहरु वातावरणीय प्रभाव मूल्यांकन र विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) नबनाई कार्य गरेको छ ।<br>१. सहितचोक रत्नचोक संगमटोल सडक निर्माण<br>२. बरबोटे गैरीगाउँ कजेनी सडक<br>३. ऋषिमोड गोर्खे मंगलबारे मानेभञ्याङ्ग सडक<br>४. नयाँचोक केराबारी माघे सुन्तले भित्री हुँदै गोरुक जोड्ने सडक<br>५. बुद्धपार्क कट्टबुङ्ग अलवेदर सडक</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>दावागोले बरबोटे सडक<br>दावागोले बरबोटे सडकमा कालोपत्रे गर्ने कार्य वि एस डी कन्स्ट्रक्सन कम्पनिले गरेकोमा स्थलगत निरीक्षण गर्दा कालोपत्रे चर्केको र केही स्थानमा बिग्रेको देखिएकोले आवश्यकता अनुसार पुनः निर्माण गराई मात्र बाँकी भुक्तानी दिनु पर्दछ । Construction of Agriculture Products Collection and Store center with 20mt cold-store को कार्य कपिला निर्माण सेवाले गरेकोमा लागत अनुमान तयार गर्दा निम्नानुसार पाइयो ।
<table>
<tr><th>कामको विवरण</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>Cold Room</td><td>2135000</td><td>लागत अनुमान तयार गर्दा एउट व्यक्तिको मात्र आधार लिई तयार गरेकोले यथार्थ भएन ।</td></tr>
<tr><td>Earth Filling</td><td>21050.6</td><td>Filling Quantity Calculation गर्दा 19.05$m^3$ हुनुपर्नेमा 194.476$m^3$ देखएकोले बढी देखाएको छ।</td></tr>
<tr><td>Stone masonry (1:4)</td><td>88984</td><td>0.8m उचाई देखाउनु पर्नेमा 1.175m देखाएकोले8$m^3$ बढी परिमाण देखाएको छ ।</td></tr>
</table></td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>१५ शैया आधारभूत अस्पताल भवन<br>सार्वजनिक निकायले सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १० का आधारमा लागत अनुमान तयार गर्ने र नियम १२३ ख मा खरीद सम्झौता अनुसार कुनै निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । १५ शैयाको आधारभूत अस्पताल भवन फिक्कलको लागत अनुमान रु.१६६१२६९५४ रही रु.१११०५३५७३ मा कार्य गर्ने गरी आशिष स्वामी नारायण आशिर्वाद जे.भी. ले गरेकोमा देहायको व्यहोरा देखियो ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५५.१</td><td></td><td></td><td>लागत अनुमान तयार गर्दा Earthwork excavation को कार्यको लागत अनुमान तयार गर्दा मेसिनबाट कार्य देखाउनु पर्नेमा मानिसबाट कार्य गर्नुपर्ने देखाएकोले निम्नानुसार फरक परेकोले निर्माण व्यवसायीले मेशिन नै प्रयोग गरेको स्थलगत अनुगमनमा देखिएकोले भेरियसन गरी मेसिन प्रयोग गरेको आधारमा भुक्तानी गर्नुपर्ने रु.
<table>
<tr><th>निर्माण विवरण</th><th>कामको विवरण</th><th>परिमाण</th><th>ल.ई. को दर</th><th>मेशिनको दरले हुने रकम</th><th>फरक</th><th>बढी देखिएको परिमाण</th></tr>
<tr><td rowspan="3">१५ शैयाको आधारभूत अस्पताल भवन निर्माण</td><td>Earthwork excavation in Foundation</td><td>1737m3</td><td>568</td><td>67.94</td><td>500</td><td>868604.22</td></tr>
<tr><td>Earthwork for land development</td><td>3923 m3</td><td>568</td><td>67.94</td><td>500</td><td>1961735.3</td></tr>
<tr><td>Back Filling Work</td><td>3567 m3</td><td>345</td><td>28</td><td>317</td><td>1130739</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>3961078.6</td></tr>
</table></td><td>३,९६१,०७८.६</td></tr>
<tr><td>५५.२</td><td></td><td></td><td>क) भवन निर्माण स्थल छनौट गर्दा कार्यालयले भवन निर्माण स्थल गर्दा Site Development कार्यको लागि रु.१६२७१९२० लाग्ने गरी लागत अनुमान तयार गरेको छ । जुन भवनको लागत अनुमानको १० प्रतिशत रहेको छ । साथै भौगोलिक आधारमा जोखिम रहेको स्थानमा छनौट गरेको र अन्य स्थानमा निःशुल्क जग्गा पाउने समेत अवस्था विश्लेषण गरेको छैन । खरिद गर्दा समेत सो भन्दा कम मूल्यमा पाउने अवस्थामा अन्य विकल्पको खोजी गरेको छैन । अतः कार्यालयले Cost Benefit analysis गरेर मात्र भवन निर्माण स्थल छनौट गर्नुपर्दछ ।<br>
ख) ड्रइङ्ग अनुसारको Quantity फरक पारी लागत अनुमान तयार गरेकोले परामर्शदाताले गरेको कार्य यथार्थ देखिएन ।
<table>
<tr><th>कामको विवरण</th><th>हुनुपर्ने परिमाण</th><th>देखाएको परिमाण</th><th>फरक परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>M 25</td><td>1180.96$m^3$</td><td>1199.50$m^3$</td><td>18.54$m^3$</td><td>21877.6</td><td>405610.7</td></tr>
<tr><td>Brick Work (1:4)</td><td>110.27 $m^3$</td><td>123.26 $m^3$</td><td>12.98 $m^3$</td><td>14145.1</td><td>183695</td></tr>
<tr><td>Brick Work 1:6)</td><td>916.66 $m^3$</td><td>940.85 $m^3$</td><td>24.18 $m^3$</td><td>14795.3</td><td>357845.7</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>947151.5</td></tr>
</table></td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>टि टेस्टिङ्गको भवन निर्माण<br>
सार्वजनिक निकायले सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १० का आधारमा लागत अनुमान तयार गर्ने र नियम १२३ ख मा खरीद सम्झौता अनुसार कुनै निर्माण कार्यको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । टि टेस्टिङ्गको भवन निर्माणमा देहाय अनुसारको व्यहोराहरु देखियो ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६.१</td><td></td><td></td><td>लागत अनुमान तयार गर्दा Earthwork excavation को कार्यको लागत अनुमान तयार गर्दा मेसिनबाट कार्य देखाउनु पर्नेमा मानिसबाट कार्य गर्नुपर्ने देखाएकोले निम्नानुसार फरक परेकोले निर्माण व्यवसायीले मेशिन नै प्रयोग गरेको स्थलगत अनुगमनमा देखिएकोले भेरियसन गरी मेसिन प्रयोग गरेको आधारमा भुक्तानी गर्नुपर्ने रु.
<table>
<tr><th>निर्माण विवरण</th><th>कामको विवरण</th><th>परिमाण</th><th>ल.ई. को दर</th><th>मेशिनको दरले हुने रकम</th><th>फरक</th><th>बढी देखिएको परिमाण</th></tr>
<tr><td rowspan="2">टि टेस्टिङ्गको भवन निर्माण</td><td>Earthwork excavation in Foundation and Development</td><td>3236.46 m3</td><td>497.49</td><td>66.56</td><td>431</td><td>1394678.7</td></tr>
<tr><td>Back Filling Work</td><td>883.46 m3</td><td>538.77</td><td>27</td><td>512</td><td>452128.32</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>1846816.02</td></tr>
</table></td><td>१,८४६,८१६.०२</td></tr>
<tr><td>५६.२</td><td></td><td></td><td>टि टेस्टिङ्गको प्रथम रनिङ्ग विल भुक्तानी गर्दा निम्नानुसार बढी भुक्तानी गरेको रकम असूल गर्नुपर्ने रु.
<table>
<tr><th>कामको विवरण</th><th>बढी भुक्तानी दिएको परिमाण</th><th>दर</th><th>असूल गर्नुपर्ने रकम</th><th>कैफियत</th></tr>
<tr><td>Brick masonry Work</td><td>14.48 $m^3$</td><td>13000</td><td>188240</td><td>sill, lintel को परिमाण घटाउनु पर्नेमा नघटाएको र Opening परिमाण घटाउनु पर्नेमा जोडिएकोले बढी परिमाण देखाएको</td></tr>
<tr><td>Re-bar</td><td>445.56kg</td><td>100</td><td>44556</td><td>Y Direction भन्दा बढी परिमाण देखाएकोले</td></tr>
<tr><td>Price adjustment</td><td></td><td></td><td>684322.32</td><td>मुल्य वृद्धि १० प्रतिशत भन्दा बढी हुँदा मात्र भुक्तानी दिनु पर्नेमा ४.३ प्रतिशत मात्र हुँदा भुक्तानी दिएकोले बढी भुक्तानी भएको</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>917118.32</td><td></td></tr>
</table></td><td>९१७,११८.३२</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>वडा अनुगमन<br>नगरपालिकाले यस वर्ष वडाहरुलाई अनुगमन मूल्यांकन खर्च रु.२९८००० विनियोजन गरेकोमा रु. २८७६०० खर्च भएको छ । वडाहरुले अनुगमन मूल्याँकन गर्न गाडी भाडामा लिएको तथा बैठक भत्ता आदिमा खर्च भएको विल भरपाई संलग्न गरी भुक्तानी जनाएको छ । अनुगमन मूल्यांकन कार्यको भुक्तानी गर्दा प्रतिवेदन संलग्न गरेको पाइएन । जसले गर्दा के कार्यको लागि अनुगमन तथा मूल्यांकन कार्य भएको एकीन हुन सकेन । आगामी दिनमा वडाबाट हुने अनुगम मूल्यांकन कार्यको प्रतिवेदन लिई भुक्तानी गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **समग्र आय**<br>यस वर्ष नगरपालिकाले कुल रु १ अर्व २७ करोड १४ लाख ६६ हजारको बजेट पेश गरेकोमा कुल रु ८७ करोड २२ लाख ९२ हजार आम्दानी गरी कुल प्रक्षेपणको तुलनामा ६८.६१ प्रतिशत मात्र प्राप्ति गरेको अवस्था छ । कुल आम्दानी रु १ अर्व २७ करोड १४ लाख ६६ हजार हुने गरी बजेट प्रक्षेपण गरी सोही अनुसार विनियोजन तर्फ सोही रकमको बजेट विनियोजन गरेकोमा आम्दानी कम प्राप्त भएकोले विनियोजन गरेका धेरै कार्यक्रमहरु कार्यान्वयनमा नआएको अवस्था छ । वजेट लक्ष्य धेरै राख्ने तर आम्दानी हासिल गर्ने तर्फ ध्यान नदिइ राजस्व बुझाउन आएका करदाताको रकम मात्र प्राप्त गरेकोले लक्ष्य हासिल भएको छैन । पेश गरेको विवरण अनुसार शिर्षकगत रुपमा प्राप्त राजस्व र प्राप्त प्रतिशत अनुसूचीमा छ ।अपेक्षित राजश्वको तुलनामा कम मात्रामा राजश्व उठ्नु उचित देखिएन । | |
| ५९ | | | **संस्था दर्ता**<br>सूर्योदय नगरपालिकाको नगर सभाबाट सूर्योदय नगरपालिको संघ संस्था दर्ता सम्बन्धी ऐन २०७४ पारित गरी २०७४/६/1 देखि लागू गरेको छ । त्यस्तै १ नं प्रदेश सरकारले २०७५/६/१४ मा सामाजिक विकास संस्था ऐन, २०७५ जारी गरी लागु गरेको छ । उक्त ऐनमा समेत स्थानीय तह भित्र स्थापना हुने कुनै पनि संस्था स्थानीय तहमा दर्ता गर्नु पर्ने व्यवस्था छ । सूर्योदय नगरपालिका क्षेत्र भित्र स्थापना भई दर्ता हुन आएका संस्थाको विवरण पेश भएको छैन । यसबाट दर्ता तथा नविकरण दस्तुर वापत प्राप्त रकमको हिसाब भिडाउने आधार प्राप्त हुन सकेन । | |
| ६० | | | **व्यवसाय कर**<br>सूर्योदय नगरपालिकको कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा १७ मा नगरपालिकले आफ्नो क्षेत्रभित्रका व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्ता र नविकरणमा नगरपालिकको आर्थिक ऐनले निर्धारण गरे बमोजिम वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्ने व्यवस्था छ । नगरपालिको आर्थिक ऐन, २०७६ को दफा ९ मा व्यवसाय दर्ता र नवीकरणमा लगाइने करको दर उल्लेख छ । यस वर्ष व्यवसाय कर रु. ४२४७५८७/- असुली भएको देखिन्छ । राजश्व शाखाबाट प्राप्त व्यवसाय कर असुली सम्बन्धमा दर्ता हुन बाँकी र गत वर्षसम्म दर्ता भएका व्यवसायीहरुको विवरण अध्यावधिक गरेको छैन । गत विगत वर्षमा व्यवसाय दर्ता गरेका व्यवसायीहरुले कुन/कुन आर्थिक वर्षको लागि नविकरण गर्न बाँकी हो सो खुल्ने विवरण समेत तयार नगरेका कारण नगरपालिकाले प्राप्त गर्न बाँकी रकम यकिन गर्न सकिएको छैन । अभिलेख अद्यावधिक गरी असुल हुन बाँकी रकमको लगत तयार गर्नुपर्दछ । | |
| ६१ | | | **घर बहाल कर**<br>सूर्योदय नगरपालिकको कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ११ मा घर बहाल कर सम्बन्धी व्यवस्था छ । उपदफा (६) मा घर बहाल प्रयोजनका लागि नगरसभाले न्यूनतम मासिक घर बहाल रकम निर्धारण गरी लागु गर्न सक्ने र उपदफा (७) मा न्यूनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धी व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुने व्यवस्था छ । नगरपालकाले घर बहाल कर निर्देशिका, २०७५ जारी गरेको भएता पनि उक्त निर्देशिकामा न्यूनतम मासिक घर बहाल रकम निर्धारण सम्बन्धी व्यवस्था समावेश गरेको छैन । यसबाट बहाल कर असुली कार्य प्रभावकारी हुन सकेको देखिँदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **फोहोरमैला व्यवस्थापन कर**<br>फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा १८ को उपदफा (१) मा स्थानीय तहले फोहरमैला व्यवस्थापन गरे वापत सम्बन्धित व्यक्ति, संस्था वा निकायबाट सेवाशुल्क लगाइ उठाउन सक्ने, उपदफा (२) मा उपदफा (१) बमोजिमको शुल्कको निर्धारण फोहोरमैलाको परिमाण, तौल तथा प्रकृति र तोकिए बमोजिमका अन्य कुराको आधारमा स्थानीय तहले गर्ने र उपदफा (३) मा उपदफा (१) बमोजिमको शुल्क सम्बन्धित स्थानीय तहले आफैंले वा निजले तोकेको संस्था वा निकाय मार्फत उठाउन सक्ने व्यवस्था छ। त्यस्तै दफा ५१ को उपदफा (१) मा स्थानीय तहले विभिन्न प्रकृतिका फोहोरमैला व्यवस्थापनका लागि वेग्लावेग्लै मापदण्ड जारी गर्न सक्ने र उपदफा (२) मा सम्बन्धित स्थानीय तहले फोहोरमैला व्यवस्थापन सम्बन्धमा आवश्यक निर्देशिका बनाइ लागु गर्न सक्ने व्यवस्था छ । सूर्योदय नगरपालिकाले जारी गरेको फोहोरमैला व्यवस्थापन ऐन, २०७६ को दफा १७ मा फोहोरमैला व्यवस्थापन सेवा शुल्क उठाउन सक्ने व्यवस्था गरेको छ । नगर क्षेत्रभित्रबाट सूर्योदय नगरपालिकाको आर्थिक ऐन, २०७६ को अनुसूची १० को प्रकरण (क) मा उल्लेखित दररेट बमोजिम सेवा शुल्क असुलीका लागि असुली रकमको १६% ले हुने रकम भुक्तानी गर्ने गरी संझना श्रेष्ठ र टिकावाला राईसँग सम्झौता गरी सेवाशुल्क असुली गर्ने व्यवस्था गरेको छ । असुली भएको रकम सञ्चित कोषमा दाखिला भएको छ । कार्यालयले नगरपालिकाबाट फोहरमैला संकलन सुविधा उपलव्ध गराएका सेवाग्राहीको विवरण र नीजहरुबाट असुली भएको र असुली हुन बाँकी सेवा शुल्कको अभिलेख अध्यावधिक गरी राखेको छैन । कार्यालयले अभिलेख अध्यावधिक नगरेबाट असुल हुनपर्ने रकम असुल भएको छ भनी यकिन हुन सकिएन । | |
| ६३ | | | **सवारी साधन कर**<br>प्रदेश सरकारको आर्थिक ऐन, २०७६ को दफा ३(२) मा टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा (ई-रिक्सा) र पावर ट्रिलरमा नगरपालिकाले कर लगाई असुल गर्न सक्ने व्यवस्था छ । सूर्योदय नगरपालिको आर्थिक ऐन, २०७६ को दफा ६ बमोजिम सवारी करको दर अनुसूची - ६ मा उल्लेख छ । नगरपालिका क्षेत्र भित्र सञ्चालित अटो रिक्सा नगरपालिकामा दर्ता गराई सञ्चालनमा रहने व्यवस्था गरी आ.ब. २०७७/७८ मा सवारी साधन कर वापत रु.७१८०० राजश्व प्राप्त गरेको देखिन्छ । नगरपालिकामा सञ्चालनमा रहेका अटोरिक्साको विवरण एकीन गरी दर्ता नभएका सावरी साधन दर्ता गर्ने र दर्ता भएकाको दर्ता नविकरण गरी राजश्व असुली गर्नुपर्दछ । | |
| ६४ | | | **कर दस्तुर**<br>नगरपालिकाले यस वर्ष विभिन्न विषयमा कर, शुल्क, दस्तुर असुल गरी रु.४६९५६४१४।६८ आर्जन गरेको छ । तत् सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय अनुसार छन् । | |
| ६४.१ | | | वन पैदावर करः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धि आफ्नो वार्षीक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित नगरपालिकाको स्थानीय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले सो सम्बन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन । आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ । | |
| ६४.२ | | | शौचाल शुल्कः कन्याम निर्माण भएको नयाँ शौचालयको सेवा शुल्क उठाउने कार्यको लागि नगरपालिकाले रामफोक कृषि फर्मलाई २ वर्षको लागि रु.१४०००० लाई ठेक्कामा दिएको छ । सम्झौता अनुसार कृषि फर्मबाट पालिकालाई सेवा शुल्क प्राप्त हुँदा मुल्य अभिवृद्धि कर रु.१८२०० समेत प्राप्त भएकोले सो कर संघीय संचित कोषमा दाखिला हुनुपर्ने रु. | १८,२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४.३ | | | विज्ञापन करः नगरपिलका क्षेत्रमा विज्ञापन गर्नको लागि रितिक मिडिया प्रा लि संग २०७७।११।२ वार्षिक रु.११०००० विज्ञापन कर भुक्तानी गर्ने गरी सम्झौता गरेको छ । सोही सम्झौता अनुसार रितिक मिडियाले २०७७।११।५ मा नै कर पालिकाको संचित कोषमा दाखिला गरेको छ । ऐन अनुसारको प्रदेश विभाज्य कोषमा जम्मा हुनु पर्ने रु.४४००० दाखिला हुनु पर्ने रु. | ४४,००० |
| ६४.४ | | | मालपोत करः मालपोत ऐन, २०२१ को दफा ११ मा जग्गावालाले बुझाउनु पर्ने मालपोत प्रत्येक वर्ष जेठ मसान्त सम्ममा बुझाउन पर्ने, दफा १२ मा माघ मसान्तसम्म सो वर्षको मालपोत बुझाउने जग्गावालालाई सो वर्षको लाग्ने मालपोतको ५% छुट दिइने, दफा १३ मा दफा ११ बमोजिमको म्याद नाघेपछी सो वर्षको असार १५ गते सम्म मालपोत बुझाएमा ५% शुल्क लगाई मालपोत असुली गरिने र दफा १४ मा दफा १३ बमोजिमको म्यादभित्र पनि मालपोत नबुझाई बाँकी रहेको जग्गाको फाँटवारी तयार गरी मालपोत कार्यालयमा पठाउनु पर्ने र दफा १६ को उपदफा (६) मा असार १६ गते देखि पछि वार्षिक १०% का दरले शुल्क लगाई मालपोत असुल गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले मालपोत असुली गर्दा छुट र जरिवानाको व्यवस्था गरेको छैन । विगत वर्ष देखि मालपोत असुल हुन बाँकी जग्गा र जग्गावालाको अभिलेख अध्यावधिक नगरेको कारण वक्यौता कति थियो कति असुली भयो र कति असुल हुन बाँकि रहेको छ भनी एकिन गर्न सकिएन । यस वर्ष असुली भएको मालपोतमा बक्यौता असुली गर्नु पर्ने हो होइन तथा असुली भयो भएन भनी परीक्षण गर्ने आधार भएन । | |
| ६५ | | | **नापी किताब**<br>निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि स्वीकृत ढांचाको नापी किताबमा ठेक्का नम्बर आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । अधिकांश योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढांचामा सबै व्यहोरा खुलाई नापी किताव नराखिदा नियमावलीको व्यवस्था अनुसार आवश्यक सूचना लिन अभिलेख व्यबस्थापन गर्न सहज नहुने हुँदा अभिलेख राखीनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६६</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग<br>सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १०७ (१३) उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न सकिने छैन । सोहि व्यवस्थाको प्रतिबन्धनात्मक वाक्यमा लागत अनुमान तयार गर्दाको समयका हेभी मेशीन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा नगरपालिकाबाट सहमति लिई त्यस्ता मेशीन प्रयोग गर्न सकिनेछ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गरी कार्य गरेको पाइयो । नियमावलीको व्यवस्था बमोजिम यसरी हेभी मेसिन प्रयोग गर्नुपर्दा सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन:<br>
<table>
<tr><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>प्रयोग गरेको हेभी उपकरण</th><th>हेभी उपकरणमा भएको खर्च</th></tr>
<tr><td>बरबोटे गहिरीगाउँ कजेनी सडक</td><td>सडक निर्माण</td><td>एक्साभेटर मेसिन</td><td>३९०९८०</td></tr>
<tr><td>कजेनी मालुम वडा कार्यालय डब्बुगाउँ हुँदै वडा नं. ६ जाने बाटो</td><td>सडक निर्माण</td><td>,,</td><td>६३३९५८.२३</td></tr>
<tr><td>नयाँ चोक-केराबारी-माघेसन्तले भित्री हुँदै गोदाक जोड्ने सडक</td><td>सडक निर्माण</td><td>,,</td><td>२५६५९३.६</td></tr>
<tr><td>याङखोला-पिङडाँडा-घुमाउने-मलिम-सेतिदेवीटोल-परिवर्तन टोल चुच्चेढुंगा-तीनघरे सडक</td><td>सडक निर्माण</td><td>,,</td><td>२२८५१९.९</td></tr>
<tr><td>छिरुवा नागेश्वरी तिनव्लक सल्लेरी श्रीबुङ्ग तकपत सडक मर्मत</td><td>सडक मर्मत</td><td>,,</td><td>१५३६८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>वीमा<br>सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १२१ मा रु १० लाख भन्दा बढीको निर्माण कार्य गर्दा मेशीन औजार वा प्लान्ट लगायतको बीमा गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले उपभोक्ता समितिमार्फत गराएका १० लाखभन्दा बढीका निर्माण कार्यको बीमा गराएको छैन । निर्माण कार्यमा संलग्न हुने श्रमिक, प्राविधिक तथा मालसामानको सुरक्षाको लागि उपभोक्ता समितिसँग सम्भौता गरी कार्य गराउँदा सम्भौतामा बीमाको समेत दफा राखी सम्झौता गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>निमार्ण सामाग्रीको गुणस्तर परीक्षण<br>सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १० (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | **आयोजना हस्तान्तरण**<br>सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १०७ (१३) बमोजिम निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेका आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु नियमानुसार हस्तान्तरण गर्नुपर्ने देखिन्छ । | |
| ७० | | | **उपभोक्ता समिति दर्ता**<br>संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । कार्यालयले यसवर्ष सम्झौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थायी समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| ७१ | | | **कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्सा**<br>सूर्योदय नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १३४ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने, निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा यकिन गरी दावी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी प्रमाणित गरेर राख्नु पर्ने र त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीहरुले पुल निर्माण कार्य बाहेक सडक निर्माण कार्यहरुको एजविल्ट नक्सा कार्यालयमा पेश गर्ने गरेका छैनन । त्यस्तै कार्यालयले त्रुटी सच्चाउने पर्ने दायित्व सम्बन्धी अभिलेख राखेको छैन र त्यस्तै त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै सबै निर्माण कार्यको कार्य सम्पन्न प्रतवेदन तयार गरेको देखियो । त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै कार्य सम्पन्न प्रतिवेदन जारी गरेकोले निर्माण व्यवसायीले त्रुटी सम्बन्धी दायित्वबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिएको छ । अतः नियमानुसार सबै निर्माण कार्यको एजविल्ट नक्सा जारी गर्ने, कार्य स्वीकार्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गराउने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ । | |
| ७२ | | | **कार्यसम्पन्न प्रमाणपत्र**<br>नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ को नियम १३४ को उपनियम (९) मा कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएपछि नगरपालिकाले सम्बन्धित निर्माण व्यवसायीलाई कार्य सम्पन्न प्रमाणपत्र (वर्क कम्प्लिसन सर्टिफिकेट) दिनु पर्ने व्यवस्था छ । नगरपालिकाले कार्य सम्पन्न गर्ने निर्माण व्यवसायीलाई यस्तो प्रमाणपत्र दिने गरेको छैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७३</td><td></td><td></td><td>नन्फाइलर<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा मुल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले मूल्य अभिवृद्धि करको विवरण खुलाई भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायको फर्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो रु
<table>
<tr><th>निर्माण व्यवसायी</th><th>पान नं</th><th>मु०अ०कर</th><th>कैफियत</th></tr>
<tr><td>एन्जेस कन्स्ट्रक्सन</td><td>६०९८८४८७०</td><td>१०४८९०.०३</td><td>Non Filer Since 2077.M.11</td></tr>
<tr><td>इलाम कन्स्ट्रक्सन</td><td>६००८३३०३९</td><td>४७९७२</td><td>Non Filer Since 2077.M.9</td></tr>
<tr><td>कञ्चन हार्डवेयर इलाम</td><td>६०९२०८९३१</td><td>२८४२</td><td>Non Filer Since 2075.M.10</td></tr>
<tr><td>जम्मा</td><td></td><td>155704</td><td></td></tr>
</table></td><td>१५५,७०४</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>सामाजिक सुरक्षा तर्फ</td><td></td></tr>
<tr><td>७४.१</td><td></td><td></td><td>विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नुपर्नेमा सिदार्थ बैंक लिमिटेड सँग वडा नं १, १३ र १४, कृषि विकास बैंक संग वडा नं १०, ११ र १२ , राष्ट्रिय वाणिज्य बैंक संग वडा नं ६, ७, ८ र ९, एक्सल डिभलपमेण्ड बैंकसँग ४ र ५, ग्लोबल आइएमइ २ र ३ गरी एक भन्दा बढी वडाको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी हुनेगरी सम्झौता भएको देखियो । रणनीतिमा भएको व्यवस्थाको पालना गरी भत्ता वितरण हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७४.२</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २४ बमोजिम बैकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहिको नाम, बैक खाता नम्वर र जम्मा भएको रकम सहितको विवरण अनुसुची १३ बमोजिमको चौमासिक रुपमा सम्वन्धित स्थानीय तहलाई विद्युतिय माध्यममा अनिवार्यरुपमा पठाउनुपर्ने व्यवस्था छ । अनूसूची ८ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा गरेको विवरण देखिने रिभर्स फिड सहित बाँकी रकम भए सो समेत पालिकालाई उपलब्ध गराउने र बैंकले निष्कृय खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर सो विवरण राखेको देखिएन ।</td><td></td></tr>
<tr><td>७४.३</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्यक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४.४ | | | बैंकलाई रकम निकासा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं १६ अनुसार स्थानीय तहले प्रथम चौमासिकको भत्ता रकम असोजको दोश्रो हप्ता भित्र, दोश्रो चौमासिकको भत्ता रकम माघको दोश्रो हप्ता भित्र र तेश्रो चौमासिकको भत्ता रकम जेठको दोश्रो हप्ता भित्र वितरण गरि सक्नुपर्नेमा नगरपालिकाले प्रथम चौमासिकको भत्ता असोज २८ गते, दोश्रो चौमासिकको भत्ता चैत्र २ गते र तेश्रो चौमासिकको भत्ता २०७८ असार २१ गते बैंकमा निकासा गरेको देखिन्छ । कार्यविधिमा व्यवस्था भएको समय सिमाभित्र कुनै पनि चौमासिकको रकम बैंकमा पठाएको देखिएन । कार्यविधिले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ । | |
| ७५ | | | **सामाजिक सुरक्षा** | |
| ७५.१ | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार लाभग्राहीको विवरण प्रविष्टि गर्ने सम्वन्धमा, नाम दर्ता र नवीकरणवाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुण मसान्तभित्र विभागले संचालनमा ल्याएको व्यवस्थापन सुचना प्रणली (एम.आइ.एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । यसरी प्रविष्टि गर्ने कार्य सामान्यतः सम्वन्धित वडा कार्यालयको हुनेछ । तर वडा कार्यालयमा साधन स्रोत तथा जनशक्तिको कमी भएमा स्थानीय तहले उपयुक्त र आवश्यक व्यवस्था गर्नेछ भन्ने व्यवस्था भएकोमा सो नगरि एम.आई.एस प्रणालीको विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेकोले वितरित रकम सहि हो भनि एकिन गर्न सकिएन । | |
| ७५.२ | | | स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ । सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन । सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ । | |
| ७५.३ | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा ३३ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानाकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने वैक र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक सस्था, गैरसरकारी सस्था, सामाजिक परिचालनमा संलग्न सस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्वन्धि सुचना स्थानीय एफ एम लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी सम्वन्धीत स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो पालना गरेको पाइएन । यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि एकिन हुने अवस्था देखिएन । | |
| ७५.४ | | | सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ वमोजिम केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था भएपनि सिस्टमले काम नगरेको कारणले एक चौमासिकमा मृत्यु भएका वा अन्य कारणले नामावलीमा हटाइएको व्यक्तिको समेत पुनः अर्को चौमासिकमा दोहारिएर आउने लगायत समस्या देखिएको हुन सक्छ । केन्द्रिकृत प्रविष्टी प्रणालीलाई व्यवस्थित गराउनुपर्ने देखिन्छ। | |
| ७६ | | | **सामाजिक सुरक्षा**<br>सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । यस नगरपालिकाले सामाजिक सुरक्षा कार्यक्रममा यस वर्ष रु.२०,०८,२७,७६९ खर्च गरेकोमा निम्न अनुसार व्यहोराहरु देखिएका छन् । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६.१ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १५(१) मा प्रत्येक स्थानीय तहले दफा १३ बमोजिम एम.आ.इ.एस.मा प्रविष्ट भएका लाभग्राहीहरुको अद्यावधिक प्रविष्ट वा प्रमाणित विवरणका आधारमा को.ले.नि.का.बाट नियमानुसार निकासा प्राप्त गर्ने भनी व्यवस्था रहेको छ । लाभग्राहीका एम.आइ.एस.र वितरण भिडान गर्दा सामाजिक सुरक्षाको अनलाईन सिस्टम MIS र बैंकले वितरण गरी पठाएको Reverse feed मा देहाय बमोजिम फरक परेको देखिन्छ ।<br><br>चौमासिक / बैकले वितरण गरेको रकम / MIS मा देखिएको वितरण रकम / फरक रकम<br>प्रथम चौमासिक / ६५९८३७३८ / ६५९८३७३८ / ०<br>दोश्रो चौमासिक / ६६९२२७८१ / ६६७५५९८१ / १६६८००<br>तेश्रो चौमासिक / ६७९२१२५० / ६७३८८०२४ / ५३३२२६<br>जम्मा / २००८२७७६९ / २००१२७७४३ / ७०००२६ | |
| ७६.२ | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २८ अनुसार प्रत्यक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन । अतः कार्यविधि अनुसारको कार्यहरु कार्यान्वयन गरिनुपर्ने देखिन्छ । | |
| ७६.३ | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५को परिच्छेद ४ को बुँदा नं १५ मा एम.आई.एस अद्यावधिक लगतका आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेख संग भत्ता वितरण गर्न तयार गरिएको लाभग्राहीको सुचीको भिडान गर्दा प्रथम चौमासिकमा कुल ६३७१ लाभग्राहीको अभिलेख मात्र एम.आई.एसमा देखिएको छ भने भत्ता वितरण गर्न ६३८२ जनाको नामावली बैंकमा पठाईएको देखियो । त्यसै गरी दोश्रो चौमासिकमा एम.आई.एस मूल अभिलेखमा ६३५९ लाभग्राहीको अभिलेख रहेकोमा भत्ता वितरण गर्न ६३५८ जनाको नामावली बैंक पठाईएको देखियो । तेश्रो चौमासिकको एम.आई.एस मूल अभिलेखमा ६४४७ लाभग्राहीको अभिलेख रहेकोमा भत्ता वितरण गर्न ६४४६ जनाको नामावली बैंक पठाईएको देखियो । एम.आई.एस विवरणको मूल अभिलेखमा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परीक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना.प्र.नं. जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, लाभग्राहीहरुको फोटो राखिएको नदेखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम.आई.एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा नगरपालिकाले एम.आई.एस. लगत अद्यावधिक गरेर मात्र भत्ता वितरण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६.४ | | | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनुसार लाभग्राहिको मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालवालीकाको हकमा पाँच वर्ष (साठी महिना) उमेर पुरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नवुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्वन्धित स्थानीय तहको वडाका सचिव वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणित गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि अनुसार लाभग्राहिको लागत अध्यावधिक नगरी रकम वितरण गरेको पाइयो । | |
| ७७ | | | **स्वास्थ्य संस्था संचालन खर्च**<br>भौचर नं १९०-२०७७/७/२६ स्वास्थ्य संस्थाको खानेपानी, संचार, गुणस्तरीय औषधी/उपकरण खरिद, सरसफाइ कार्य, सेवा प्रवाह सुदृढीकरण, लेखापरीक्षण शुल्क भुक्तानी लयागतका कार्यमा स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्ने गरी स्वीकृत कार्यक्रम बमोजिम विभिन्न ९ स्वास्थ्य संस्थालाई रु ३५५०००।- उपलव्ध गराएकोमा उक्त रकमबाट भएको खर्च प्रमाणित गर्ने कागजात तथा कार्यको अनुगमन प्रतिवेदन पेश नभएको रु | ३५५,००० |
| ७८ | | | **सवारी साधन मर्मत**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३.५ मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनु पर्ने व्यवस्था छ । यस्तै नियमावलीको नियम ९६.३ मा मालसामान मर्मत गर्न नयाँ सामान खरिद गरेकोमा पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्न पर्ने व्यवस्था छ । कार्यालयमा रहेका सवारी साधनहरु मर्मत संभार गर्दा सम्बन्धित प्राविधिबाट मर्मतको लागत अनुमान बनाएको छैन साथै सवारी साधन मर्मत गर्ने कार्यदेश तथा सवारी मर्मत कार्यको सम्बन्धित प्राविधिकबाट सिफारिस नगरी भुक्तानी गरेको नियमित नभएको रु. | १,९५२,८६५ |

| भौचर नं र मिति | सवारी नं | मर्मत गर्ने फर्मको नाम | रकम |
|---|---|---|---|
| ७०-०७७/६/१५ | २ झ ४७१३ | पशुपति अटो पार्टस | ४९३०३ |
| १२४-०७७/६/१५ | मे १ झ १२६ | न्यू सुजाता इन्टरप्राइजेज | १२२४९ |
| २३०-०७७/७/१९ | | सिप्रदि ट्रेडिङ्ग प्रा लि | ६६३६० |
| २५८-०७७/९/१० | | गणपति अटो इन्टरनेश्नल | ४९३८१ |
| ३२८-०७७/१०/२ | | गणपति अटो इन्टरनेश्नल | ५१६४१ |
| ३८१-०७७/१०/२३ | | सिप्रदि ट्रेडिङ्ग प्रा लि | ५०८८६ |
| ५७८-०७८/१/१७ | | सिप्रदि ट्रेडिङ्ग प्रा लि | ३१४६९३ |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १८६-०७७/७/१२६ | मे १ झ १५१ | विर्ता अटो वर्कस् | १३९३२५ | | |
| | | | | ४९३-०७७/१२/१२ | | गणपति अटो इन्टरनेश्नल | १०१७०० | | |
| | | | | ५४९-०७८/१/३ | | विर्ता अटो वर्कस् | ५३८४४ | | |
| | | | | २१६-०७७/८/१२ | मे १ ग ३० | झापा इलाम अटो लिंक | ११४४३० | | |
| | | | | २१६-०७८/८/१२ | | भाग्यलक्ष्मी ट्रेडलिंक | ९९८६९ | | |
| | | | | ५७१-०७८/१/१६ | | भाग्यलक्ष्मी ट्रेडलिंक | ६१३०२ | | |
| | | | | २१६-०७७/८/१२ | को १ ग १३५ | झापा इलाम अटो लिंक | ९९९३७ | | |
| | | | | २१६-०७७/८/१२ | | भाग्यलक्ष्मी ट्रेडलिंक | ९३९४८ | | |
| | | | | २५८-०७७/९/१० | | गणपति अटो इन्टरनेश्नल | १५७६३५ | | |
| | | | | ५०४-०७७/१२/२५ | | झापा इलाम अटो लिंक | १३९६५६ | | |
| | | | | ३०६-०७७/९/२४ | मे १ झ १८१ | विर्ता अटो वर्कस् | ४२८०९ | | |
| | | | | ३४८-०७७/१०/११ | | गणपति अटो इन्टरनेश्नल | ६४०७१ | | |
| | | | | ५७१-०७८/१/१६ | | विर्ता अटो वर्कस् | ९७७९६ | | |
| | | | | ६६४-०७८/३/२ | दमकल | इस्ट्रन मेनेजमेन्ट प्रा लि | ९२०३० | | |
| | | | | | जम्मा | | १९५२८६५ | | |
| ७९ | | | **घर भाडा**<br>कार्यालयले घर भाडा भुक्तानी गर्दा सम्झौतामा उल्लेख भए अनुसारको रकम भुक्तनी गर्नु पर्दछ । नरपालिकाले कार्यालय प्रयोजनको लागि सूर्योदय नगरपालिका ९ को सकिला लामाको घरभाडामा लिई मासिक रु. ११००० का दरले घर भाडा तथा पानी विजुली उपयोग गरे वापतको रकम भुक्तानी गर्नुपर्ने उल्लेख छ । दुई तल्लाको घर भएकोमा एक तल्ला कार्यालयले भाडामा लिए पनि घर भाडा भुक्तानी गर्दा पानी तथा विजुली वापतको वर्ष भरीको खर्च रु.२३०५९ पुरै भुक्तानी भएको पाइयो । अत पानी तथा विजुलीको खर्च आधा रकम घर धनीले भुक्तानी गर्नुपर्ने रकम असूल गरी दाखिला गर्नु पर्ने रु. | | | | | | ११,५३० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८० | | | **दैनिक कार्य सम्पादन विवरण**<br>कार्यालयले कार्य सम्पादनमा आधारित प्रोत्साहन सम्बन्धी कार्यविधि तयार गरी कर्मचारीहरुलाई थप प्रोत्साहन रकम भुक्तानी गर्ने गरेको छ । यसरी रकम भुक्तानी गर्दा कुन कुन कर्मचारीले कुन कुन समयमा के कार्य सम्पादन गरेको हो सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने व्यवस्था कार्यविधिमा रहेको छ । कर्मचारीले पेश गरेको त्यस्तो विवरण निर्धारित ढाँचामा राख्नुपर्दछ । पेश हुन आएको विवरण म.ले.प. फाराम नं ९०७ दैनिक कार्य सम्पादन विवरण (Time Sheet) को ढाँचामा तयार गरेको देखिएन । निर्धारित ढाँचामा विवरणहरु तयार गरी अभिलेख राख्ने गर्नु पर्दछ । | |
| ८१ | | | **सार्वजनिक परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्र्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, भवन, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास सेवा तर्फको कार्यक्रमको सार्वजनिक सुनवाई गरेको जनाए तापनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन । कतिपयमा वजेट खर्च उल्लेख गरेको देखिदैन । केहिमा सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाको न्यून उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजानिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवद्र्धन गर्नुपर्दछ । | |
| ८२ | | | **कार्यक्रम अभिलेख खाता**<br>सार्वजिनिक गोष्ठी, सार्वजनिक रुपमा दिइने आय आर्जन, सीप विकास, सशक्तिकरण, चेतना जागरण जस्ता तालिम सञ्चालन, चेतनामूलक सूचना/विज्ञापन/रेडीयो कार्यक्रम जस्ता कार्यमा खर्च शिर्षक नं २२५०० कार्यक्रम सम्बन्धी खर्च शीर्षकवाट यस वर्ष रु.४,२३,०६,७०७.६५ (सशर्त अनुदानबाहेक) खर्च भएको देखिन्छ । यस्ता कृयाकलापमा खर्च गर्दा भएको खर्च र उपलव्धी देखिने गरी कार्यक्रम अभिलेख खाता राख्ने गरेको छैन । कार्यक्रम अभिलेख खाता नराखेको कारण खर्च रकमबाट प्राप्त उपलव्धी मापन गर्न सकिने आधार भएन । त्यसैले यस्ता कार्यक्रम सञ्चालन गरी खर्च गर्दा खर्च र उपलव्धी स्पष्ट देखिनेगरी अभिलेख राख्नु पर्दछ । | |
| ८३ | | | **बढी तलब**<br>नगरपालिका अन्तर्गको स्वास्थ्य चौकीको मेडिकल अधिकृत डा. डोल्मा योल्मुको मिति २०७७।८।१ देखि राजिनामा स्वीकृत भएकोमा मंसिर महिनाको पुरा तलब रकम रु.४५२९७।४५ निजको खातामा गएको देखिएकोले सो रकम असूल गरी संघीय संचित कोषमा फिर्ता दाखिला गर्नुपर्दछ रु. | ४५,२९७.४५ |
| ८४ | | | **अतिरिक्त सेवा र सट्टा विदा**<br>स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ५५ मा हस्पिटलमा कार्य गर्ने कर्मचारीहरुले अतिरिक्त समय र सार्वजनिक विदाको दिनमा कार्य गरे वापत सट्टा विदा र अतिरिक्त सेवा विदा पाउने व्यवस्था छ । नगरपालिका अन्तर्गतको स्वास्थ्य चौकीमा कार्यरत ३१ जना स्वास्थ्यकर्मीहरुलाई अघिल्लो आ.व.को रु.१६६६८४० र यस आवमा रु.११०३९४४ गरी रु. २७७०७८४ खर्च भएको देखिन्छ । सो रकम निज स्वास्थ्य कर्मीहरुको खातामा सोझै दाखिला नगरी पूर्ण सिंह मोक्तान र राम चन्द्र विश्वकर्माको नाममा चेक काटी भुक्तानी भएको छ । तर कर्मचारीको विदाको रेकर्ड हाजिरी राखेपनि विद्युतिय हाजिरी नहुँदा को कसले विदाको सुविधा उपयोग गरे र कति बाँकीको रकम भुक्तानी भएको हो एकिन गर्न सकिएन । अतः कार्यालयले सबै स्वास्थ्य चौकीमा विद्युतिय हाजिरी राखी सम्बन्धित स्वास्थ्यकर्मीको खातामा सो भत्ता रकम भुक्तानी गर्री यसलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८५</td><td></td><td></td><td>आधारभूत स्वास्थ्य केन्द्र निर्माण तथा संचालन<br>स्वास्थ्य संस्था नभएका वडाहरुमा क्रमशः स्वास्थ्य संस्था स्थापना गर्ने उद्धेश्य अनुरुप लागत सहभागिताको आधारमा सम्बन्धित स्थानीय तहले वडाहरुमा स्वास्थ्य केन्द्र स्थापना स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वीकृत गरेको लागत अनुमान तथा नमुना भवन डिजाइनको परिधिभित्र रही निर्माण गर्नुपर्ने भनी स्थानीय तहमा आधारभूत स्वास्थ्य केन्द्र निर्माण तथा सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ मा उल्लेख भएको छ । नगरपालिकालाई यस वर्ष सो शिर्षकमा प्राप्त रकम मध्ये देहाय कार्यमा निर्देशिकाले तोकेबमोजिम भन्दा बेग्लै शिर्षकमा खर्च गरेर बिल भर्पाई पेश भई भुक्तानी भएको देखिएकोले नियमसम्मत देखिएन रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कार्य</th><th>भुक्तानी पाउने</th><th>रकम</th></tr>
<tr><td>२३-११।२६</td><td>पशुपति नगर स्वास्थ्य चौकी टाइल विच्याउने कार्य</td><td>सगरमाथा कन्स्ट्रक्सन</td><td>४९७३२९.९५</td></tr>
<tr><td>३४-१।२२</td><td>प्राथमिक स्वास्थ्य केन्द्र पशुपतिनगरमा Retaining wall and Drain निर्माण कार्य</td><td>न्यू पाथिभरा निर्माण सेवा</td><td>४९६६२७.२१</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>९९३९५७.१६</td></tr>
</table></td><td>९९३,९५७.१६</td></tr>
<tr><td>८६</td><td></td><td></td><td>स्वास्थ्य खर्च शीर्षक फरक<br>संघीय पुँजीगत अर्थमन्त्रालयको च.नं. ८२४-२०७६/२/२० को आ०ब०२०७६/७७ को अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था र मार्गदर्शन अनुसार सशर्त अनुदान बापत हस्तान्तरण भएको रकम जुन प्रयोजन वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने व्यवस्था रहेकोमा स्वास्थ्य पुँजीगत तर्फ सशर्त अनुदानको रकमवाट स्वास्थ्य शाखाको कर्मचारीहरुको तलब वापत रु. ६१२४२.०५ खर्च गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>८७</td><td>२०२</td><td>२०७८-३-३०</td><td>चुन खरीदमा बढी दर<br>कल्याणकारी कृषि सहकारी संस्थाले साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) कार्यक्रम का लागि भट्टराई एग्रोभेट सेन्टरबाट ६६६६.६६ केजी कृषि चुन प्रति केजी रु. १५ का दरले रु.१०००००० को खरीद भएको बिल पेश गरी भुक्तानी लिएको देखियो । कृषि ज्ञान केन्द्र को दररेट अनुसार रु ११ प्रति केजी हुनुपर्नमा प्रति केजी रु४ फरक परेकोले बढी दररेट समावेश गरी भुक्तानी दिएको रकम असूल हुनुपर्ने रु</td><td>६,६६६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८८ | | | **टुक्रे खरीद**<br>सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) अनुसार प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने उल्लेख छ । नगरपालिकाले आन्तरिक पुँजीगत खर्च तर्फको सौर्य सडक वत्ती (उज्यालो सहर कार्यक्रम) मा देहाय बमोजिम रु. ५ लाख भन्दा कमको कोंटेशन मार्फत खरिद कार्य गरी टुक्रे खरिद गरेको देखियो ।<br><table><tr><td>भौ.नं. र मिति</td><td>सप्लायर्स</td><td>रकम</td></tr><tr><td>३७९-३।३०</td><td>दिप लाईट ईनर्जी प्रा.लि.</td><td>४९८२०८</td></tr><tr><td>३७७-३।३०</td><td>कर्मदा ट्रेड एण्ड सप्लायर्स प्रा.लि.</td><td>२७५०००</td></tr><tr><td>२७६।३।३०</td><td>युनाइटेड रिसोर्स कम्पनी एण्ड कन्सल्टेन्सी प्रा.लि.</td><td>१९८७४०</td></tr><tr><td></td><td>जम्मा</td><td>९७१९४८</td></tr></table> | |
| ८९ | | | **एउटै समूहलाई दोहोरो अनुदान**<br>गरिवसंग विश्वेश्वर कार्यक्रममा उन्नतीशिल बाख्रापालक समूहलाई बाख्राहरु खरीद गर्नका लागि रु.१३७९०० खर्च गरेको देखियो । नगरपालिकाकै अर्को कार्यक्रम प्रधानमन्त्री कृषि आधुनिकीकरण अन्तर्गत ५० प्रतिशत अनुदानमा बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रममा समेत सोही समूहलाई रु.१३४२६०१।५० अनुदान दिएको देखियो । यसरी एउटै समूहलाई दोहोरो अनुदान दिनु उपयुक्त देखिएन । एउटै लाभग्राहीलाई दोहोरो अनुदान दिँदा पालिकाभित्रका सबै कृषकहरु समेटिने देखिदैन । अनुदानमा सबै कृषकहरुको पहुँच हुने कुरामा पालिकाको ध्यान जानुपर्दछ । | |
| ९० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । वेरोजगारहरुको प्राथमिकिकरण सूची बमोजिम प्राथमिकताका आधारमा सबैलाई रोजगारी दिने व्यवस्था मिलाउनु पर्दछ । रोजगार कार्यक्रममा आबद्ध हुनका लागि १५८१ जनाले निवेदन दिएकोमा जम्मा ४११ जनालाई रोजगारी दिएको छ । कुल १८ आयोजनाहरु संचालन भएकोमा सबै वडामा यो कार्यक्रम संचालन भएको देखिएन । संचालित कार्यक्रममा ४११ जनालाई दैनिक रु ५१७ को दरले २८७८३ दिन रोजगारी दिइ रु.१४८८०८११।- खर्च गरेको पाईयो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९१ | | | **शैक्षिक प्रतिवेदन**<br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक नगरपालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन । | |
| ९२ | | | **परम्परागत धार्मिक विद्यालय दर्ता**<br>अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (१) मा परम्परादेखि चलिआएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समय सापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरुकूल, गुम्बा, मदरसा जस्ता संस्था सञ्चालन गरी वालवालिकालाई शिक्षा प्रदान गर्न सक्ने र उपदफा (२) मा त्यसरी शिक्षा प्रदान गर्नका लागि सञ्चालन गरिने गुरुकूल, गुम्बा, मदरसा सम्बन्धित स्थानीय तहमा दर्ता गर्नु पर्ने व्यवस्था छ। यस नगरपालिका क्षेत्र भित्र उर्गेन छोलिङ गुम्बा सञ्चालनमा रहेको विवरण पेश भएको भएता पनि दर्ता सम्बन्धि अभिलेख पेश भएन । | |
| ९३ | २१३ | २०७८-३-३० | **आइसिटी अनुदान फरक प्रयोजनमा खर्च**<br>विद्यालय शैक्षिक सुधार कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत आइसिटी अनुदान कार्यक्रमको शशर्त तर्फ प्राप्त रकमलाई नगर शिक्षा समितिको मिति २०७८/३/२० को निर्णयले अनुदान प्राप्त सो कार्यक्रम टेण्डर खरीद मार्फत गरिएको र उक्त टेण्डरबाट बचत हुन गएको रकबाट शिक्षकहरुको तालिमका लागि इन्टराक्टिभ बोर्ड खरीद गर्ने निर्णय भई डिजिटेक विर्तामोडबाट रु.३४०४२०। ३५ को Interactive Smart panel board थान १ खरीद गरी कार्यालयमा मौज्दात राखेको पाइयो । यसरी शिक्षा ससर्त तर्फ विद्यालय अनुदानमा प्राप्त रकमबाट खरीद भएको सामाग्री अन्य प्रयोजनमा खर्च गरिनु उपयुक्त देखिएन । सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी सोको प्रमाण पेश गर्नुपर्ने रु. | ३४०,४२० |
| ९४ | | | **दोहोरो अनुदान**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं ८.७ विद्यालय भौतिक निर्माण तथा शैक्षिक कार्यक्रम अन्तर्गत खानेपानी सहितको शौचालय निर्माणका लागि बुद्ध मावि र कृष्णाश्रम माविलाई रु.७ लाख अनुदान विनियोजन भई आएकोमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पुनः बुद्ध मावि र कृष्णाश्रम माविलाई सोही प्रकृतिको कार्यका लागि रु.७ लाख अनुदान प्राप्त भएको पाइयो । विद्यालयले आवश्यकताका आधारमा दोहोरो नपर्ने गरी बजेट माग गर्नुपर्ने र नगरपालिकाले समेत यस विषयमा ध्यान दिनुपर्ने देखिन्छ । एकै विद्यालयलाई दुइ पटक अनुदान दिनु नियमसम्मत भएन रु | १,४००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९५ | | | **नमुना विद्यालय**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं.९.१३ मा नमुना विद्यालयले स्वीकृत गुरुयोजना अनुरुप रही न्यूनतम पुर्वाधारहरुको प्राथमिकता गरी आइसिटि ल्याब, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन पुँजिगत निर्माण र सुधारको क्षेत्रमा खर्च गर्ने र विद्यालय भौतिक तथा शैक्षिक विकासको नियमित अनुगमन गरी सोको प्रतिवेदन स्थानिय तह, शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था रहेको छ । नगरपालिका अन्तर्गतको फिक्कल माविलाई यस आ.ब.मा नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदानका लागि रु.५० लाख विनियोजन भएकोमा विद्यालयले गुरुयोजना अनुसार विभिन्न प्रकारको कार्यमा रकम खर्च गरेको प्रगति विवरण पेश गरेपनि खर्च भई बाँकी रहेको रकमको कार्यसम्पन्न हुन बाँकी देखिएकोले कार्यसम्पन्न गरी प्रतिवेदन पेश हुनुपर्ने रु. | ९९१,०६० |

| कार्यक्रमको नाम | विनियोजन रकम | खर्च रकम | वाँकी रकम |
|---|---|---|---|
| ल्याव ब्वाई व्यवस्थापन खर्च | ३०००० | ० | ३०००० |
| विज्ञान प्रयोगशाला | २००००० | ६९१९० | १३२८१० |
| सामाजिक सचेतना | ५०००० | ० | ५०००० |
| नेतृत्व विकास | ५०००० | ० | ५०००० |
| भित्ते पत्रिका | १५००० | ० | १५००० |
| लेखन तालिम | ५०००० | ० | ५०००० |
| सीप आदन प्रदान | २००००० | १३५६०० | ६४४०० |
| ब्राण्डेड कम्प्युटर खरीद ६ वटा | ६००००० | १६२५०० | ४३७५०० |
| सोलार इन्भटर | १६१३५० | ० | १६१३५० |
| जम्मा | ५०००००० | ३९७६५४४ | ९९१०६० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९६ | | | **कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने**<br>कार्यक्रम कार्यान्वय पुस्तिका २०७७।७८ मा उल्लेख भएबमोजिम स्थानिय तहबाट विद्यालयलाई प्रदान हुने अनुदानको अनुगमन तथा कार्यक्रम प्रतिवेदन पेश हुनुपर्ने व्यवस्था रहेकोमा राष्ट्रपति शैक्षिक सुधार सुधार कार्यक्रम र शिक्षा ससर्त तर्फ देहायका विद्यालयलाई भौतिक निर्माण तर्फ अनुदान प्राप्त भएकोमा लेखापरीक्षण अवधिसम्ममा पनि कार्य सम्पन्न भएको पाइएन। स्वीकृत योजना अनुरुपको कार्य भएको सम्बन्धमा नगरपालिकाबाट नियमित अनुगमन मूल्याङ्कन गरी यथाशिघ्र सम्पन्न गरी विद्यालय व्यवस्थापन समिति, सम्बन्धित विद्यालयका प्र.अ. , नगरपालिकाका प्र.प्र.अ. र प्राविधिकबाट स्वीकृत कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु. | ९,०००,००० |

| विद्यालयको नाम | अनुदान रकम | कार्यक्रम | कार्य विवरण |
|---|---|---|---|
| बुद्ध मावि | १८०००० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | भवन निर्माण |
| जनक मावि | १८०००० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | भवन निर्माण |
| बौद्धधाम मावि | १८०००० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | भवन निर्माण |
| कृष्णाश्रम मावि | ७००००० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | wash सहितको शौचालय |
| बुद्ध मावि | ७००००० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | wash सहितको शौचालय |
| समालबुङ मावि | ७००००० | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | wash सहितको शौचालय |
| बौद्धधाम मावि | १५००००० | संघीय कार्यक्रम | विद्यालय भुकम्पीय प्रबलीकरण कार्यक्रम |
| जम्मा | ९०००००० | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९७</td><td></td><td></td><td>
बढी तलब निकासा<br>
नगरपालिकाले आफ्नो क्षेत्र भित्र रहेको विद्यालयहरुमा कार्यरत शिक्षकहरुको तलब निकासा गर्दा शिक्षकको नियुक्ति मिति देखिको, सरुवा भई गएमा वा आएमा रमानाका आधारमा र अवकाश भए अवकाश भएको मिति सम्मको मात्र तलब दिनुपर्ने हुन्छ । नगरपालिकाको शिक्षा शाखाबाट प्राप्त विवरणका आधारमा परीक्षण गर्दा विभिन्न विद्यालयहरुलाई तलब निकासा गर्दा देहाय अनुसारको बढी निकासा गरेको हुँदा सम्बन्धित विद्यालयवाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>श्री पद्म आवि</td><td>जीवननाथ आचार्य</td><td>निजको अवकाश २०७७।७।१६ मा भएकोमा १४ दिनको बढी तलब</td><td>२३१७१</td></tr>
<tr><td>श्री हिमालय मावि</td><td>इन्द्र प्रसाद पौडेल</td><td>निजको अवकाश २०७७।११।२६ मा भएकोमा ४ दिनको बढी तलब</td><td>५४२१</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२८५९२</td></tr>
</table>
</td><td>२८,५९२</td></tr>
<tr><td>९८</td><td></td><td></td><td>
शिक्षक दरवन्दी र पदपूर्ति<br>
स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । नगरपालिका अन्तर्गत विभिन्न तहका ६५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>६५ विद्यालय</td><td>३९८</td><td>३८४</td><td>१४३</td><td>५८२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९९</td><td></td><td></td><td>
प्रस्तावको ढाँचा कार्यान्वयन<br>
स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १७(५) मा कार्यपालिकाको बैठक तथा निर्णय सम्बन्धि व्यवस्था संविधानको धारा २१८ बमोजिमको नियमावली अनुसार हुने उल्लेख छ । नगरपालिकाले संविधानको धारा २१८ बमोजिम सूर्योदय नगरपालिकाको कार्य सम्पादन नियमावली २०७४ को नियम १० (७) बमोजिम नगरपालिकाले बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४ जारी गरी लागु गरेको छ । कार्यविधिको बुँदा नं १२.३ मा कार्यपालिकाको वैठकमा पेश गर्ने प्रस्ताव सम्बन्धी खाका अनुसूची - २ बमोजिम हुने उल्लेख छ । उक्त अनुसूची बमोजिम त्यस्तो प्रस्तावमा प्रस्तावको विषयको संक्षिप्त व्यहोरा, प्राप्त परामर्श तथा अन्य सान्दर्भिक कुरा, प्रस्ताव पेश गर्नु पर्नाको कारण र सम्बन्धित शाखाको राय एवं निर्णय हुनु पर्ने व्यहोरा खुलाउन पर्ने व्यवस्था छ । उक्त व्यवस्था बमोजिमको कार्यपालिका बैठकबाट भएका निर्णयसँग सम्बन्धित प्रस्ताव एवं प्रस्तावसँग सम्बन्धित कागजात सहितको फायल खडा गरी नराखेबाट निर्णयसँग सम्बन्धित विषयवस्तु, कार्यान्वयन प्रकृया, समयावधि, कार्यक्षेत्र, कार्यन्वयन गर्ने निकाय, लाग्ने दायित्व, विषयसंग सम्बन्धित कानूनी व्यवस्था एवं परामर्श जस्ता विषयको बारेमा कार्यान्वयन गर्ने निकाय अनभिज्ञ भइ निर्णय कार्यान्वयनमा कठिनाइ हुने देखिन्छ अत: कानूनमा व्यवस्था भए बमोजिम कार्यपालिका बैठकमा निर्णयार्थ प्रस्ताव पेश गर्नु अघी तोकिएको ढाँचामा प्रस्ताव तयार गरी प्रस्तावसँग सम्बन्धित कागजात संलग्न राखी पेश गर्ने र निर्णय पश्चात अभिलेख राख्ने गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०० | | | **वालमैत्री स्थानीय शासन अवलम्बन**<br>वालवालिका सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (१) मा वालवालिकासँग सम्बन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक कामकारबाही गर्दा वालवालिकाको सर्वोत्तम हीतलाई प्राथिमकता दिइ वालमैत्री प्रकृया अपनाउनु पर्ने र उपदफा (४) मा वालवालिका रहने वालवालिकालाइ सेवा प्रदान गर्ने सार्वजनिक र नीजि समाजिक संस्थाले भौतिक संरचना निर्माण गर्दा वालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउन पर्ने व्यवस्था छ। त्यस्तै दफा ६० को उपदफा (२) मा प्रत्येक स्थानीय तहका गाउँकार्यपालिका वा नगरकार्यपालिका को उपाध्यक्षले तोकेको त्यस्तो गाउँकार्यपालिका वा नगरकार्यपालिकको सदस्यको अध्यक्षतामा वाल अधिकार समिति रहने व्यवस्था छ । उपदफा (३) मा उपदफा (२) बमोजिमको स्थानीय वाल अधिकार समितिमा रहने संख्या र त्यस्तो समितिको काम कर्तव्य र अधिकार तथा वैठक सम्बन्धी कार्यविधि स्थानीय तहले निर्धारण गरे बमोजिम हुने व्यवस्था छ। यस नगरपालिकाले कानूनमा व्यवस्था भए बमोजिम वाल अधिकार समिति गठन गरेको छ । वालवालिकाको हीत सम्बन्धमा आवश्यक काम कारबाही गर्न उक्त समितिलाई क्रियाशील बनाई निर्धारित मितिमा बालमैत्री पालिका घोषणाका लागि कृयाकलापहरु संचालन गर्नुपर्दछ । | |
| १०१ | | | **परामर्शदाता**<br>सार्बजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धित सार्बजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा सार्बजनिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यबस्था गरेको छ । सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२ ले परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले तयार गरेको नमर्सलाई आधार लिनुपर्ने उल्लेख गरेको छ । कार्यालयले योजनाको विस्तृत अध्ययन, सर्भे, डिजाइन, नक्सा र प्रतिवेदन तयारी गर्न ४ परामर्शदातालाई रु.३४ लाख २४ हजार भुक्तानी गरेको छ । यसरी परामर्शदाता नियुक्त गर्दा आन्तरिक जनशक्तिवाट कार्य सम्पादन हुन नसक्ने स्पष्ट आधार खुलाएको छैन । स्पष्ट आधार र आवश्यकता बेगरको परामर्श खर्चले कार्यालय अन्तर्गत सञ्चालन हुने योजनाहरुको लागत बृद्धि हुने हुँदा लागत बृद्धि नियन्त्रण गर्न आवश्यक कारवाही गर्नुपर्दछ । | |
| १०२ | | | **कार्य सम्पादनको स्वमूल्यांकन**<br>नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको कार्यप्रकृया र उपलव्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमी कमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको लागि आधार प्राप्त गर्न र गाउँपालिका तथा नगरपालिकाहरुको बीचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिष्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी वनाउन स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि, २०७७ तर्जुमा गरी लागु गरेको छ । उक्त कार्यविधिको दफा ६ मा अघिल्लो आर्थिक वर्षको तथ्यांकलाई आधार मानी सूचकको अंक गणना गरी चालु आर्थिक वर्षको पौष मसान्त भित्र दफा ४ बमोजिमको स्वमूल्यांकन कार्य गरिसक्नु पर्ने र माघको पहिलो हप्ता भित्र स्वमूल्यांकनको नतिजा सार्वजनिक गरिसक्नु पर्ने व्यवस्था छ। कार्यालयले अघिल्लो आर्थिक वर्षमा सम्पादनगरेका कार्यको स्वमूल्यांकन गरेको छ । कार्य सम्पादनको मूल्यांकनबाट शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विवद व्यवस्थापन एवं सहकार्य र समन्वय जस्ता क्षेत्रमा स्थानीय सरकारको कार्य सम्पादनस्तरको सन्दर्भमा देखिएका कमजोर क्षेत्रमा सुधार ल्याउन आवश्यक पहल गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०३ | | | **विद्यूतीय प्रणाली सञ्चालन**<br>कार्यालयले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरु विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरु सञ्चालनमा ल्याएको छ । ती सफ्टवेयरहरुको प्रयोगकर्ताहरुको विवरण, पासवर्ड परिवर्तन, स्थगत तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा त्यस्तो अभिलेख राख्ने गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन् , आधिकारिक रुपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी को सँग हुने भन्ने किटान नहुने एवं व्याकअप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएबाट तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ । अत: विद्यूतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ । | |
| १०४ | | | **प्रस्तावको प्रमाणीकरण र अभिलेख**<br>नेपालको संविधानको धारा २१४ को उपधारा ५ मा नगरपालिकाको नाममा हुने निर्णय वा आदेश र तत् सम्बन्धी अधिकारपत्रको प्रमाणीकरण स्थानीय कानून बमोजिम हुने उल्लेख छ । नगरपालिकाको २०७४/४/२० को बैठकले उक्त उपधारा बमोजिम सूर्योदय नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७४ जारी गरी लागु गरेको छ । नियमावलीको नियम ५(१) मा कार्यपालिकाको बैठकमा पेश हुने प्रस्ताव र बैठकको निर्णय प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गर्ने र नियम ५(२) मा प्रमाणीकरण भएका निर्णय तथा प्रस्ताव सूचना तथा अभिलेख केन्द्रले सुरक्षित तवरले संग्रह गरी राख्नुपर्ने व्यवस्था छ । अभिलेख संरक्षण ऐन, २०४६ को दफा ८.१ मा कार्यालयले आफ्नो कार्यालयमा भएका कागजात व्यवस्थित गरी सुरक्षित रुपमा राख्नु पर्ने व्यवस्था छ। कार्यपालिकामा पेश भएका प्रस्ताव, निर्णय र सो सम्बन्धी प्रमाण कागजात सहितको अभिलेख राख्ने व्यवस्था गरेको देखिएन । | |
| १०५ | | | **आर्थिक कार्यविधि नियमावलीको निर्माण**<br>नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन २०७४ को दफा ८ मा नगरपालिकाको कार्य तथा आयोजना सञ्चालन गर्ने, धरौटी, दस्तुर, सेवा शुल्क लिने, पेश्की दिने तथा फछ्र्योट गर्ने, नगदी तथा जिन्सी सम्पत्तिको संरक्षण गर्ने, लिलाम विक्रि गर्ने, मिनाहा दिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने, दफा ३ मा सञ्चित कोषको लेखा अद्यावधिक राख्ने, वित्तीय विवरण तयार गर्ने र पेश गर्ने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने, दफा १५(४) मा राजश्व, नगदी, जिन्सी, तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेख अद्यावधिक रुपमा राख्ने कार्यविधि तोकिए बमोजिम हुने , दफा २०(५) मा वेरुजु फछ्र्योट सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने, दफा २१ (५) मा बरबुझारथ सम्बन्धी प्रकृया तोकिए बमोजिम हुने, दफा २२ मा सार्वजनिक सम्पत्तिको जिम्मा, त्यसको लगत, संरक्षण, बरबुझारथ र जवाफदेही सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने, दफा २३ मा लिलाम विक्रि तथा मिन्हा दिने सम्बन्धी कार्य गर्दा कार्यपालिकबाट तोकिए बमोजिमको कार्यविधि अपनाउनुपर्ने उल्लेख छ । दफा ३१ मा यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियमहरु, निर्देशिकाहरु, कार्यविधि वा मार्गदर्शन बनाउन सक्नेछ भन्ने व्यवस्था छ । उल्लेखित विषयमा व्यवस्थित रुपमा कार्य सम्पादन गर्न आवश्यक पर्ने कानून तर्जुमा गर्नेतर्फ नगरपालिकाले ध्यान दिन जरुरी छ । | |
| १०६ | | | **बजार अनुगमन**<br>सूर्योदय नगरपालिकको बजार अनुगमन निर्देशिका, २०७४ को बुँदा नं.४ मा उपभोक्ता हित संरक्षण समितिको गठन सम्बन्धी व्यवस्था छ । बुँदा नं.५ मा समितिको काम कर्तव्य र अधिकार उल्लेख छ । त्यस्तै बुँदा ६ मा समितिको बैठक महिनामा एक पटक अनिवार्य बस्नु पर्ने व्यवस्था छ। उपभोक्ता हित संरक्षण समितिको बैठक बसेको र अनुगमन सम्बन्धी कार्य गरेको विवरण पेश भएन । बुँदा ७ बमोजिम उपभोक्ता हित संरक्षण उपशाखामा कर्मचारी व्यवस्था गरी बजार अनुगमनसँग सम्बन्धित कार्य सम्पादन गर्नुपर्नेमा सो भए गरेको विवरण पेश भएको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १०७ | | | **भवन निर्माणको सुपरीवेक्षण**<br>भवन ऐन, २०५५ को दफा १३ को उपदफा (१) मा कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन संहितामा तोकिएको स्तर अनुरुप भवन निर्माण गरे नगरेको सम्बन्धमा नगरपालिका क्षेत्र भित्रका हकमा नगरपालिकाले सुपरीवेक्षण गर्न सक्ने र उपदफा (२) मा त्यसरी सुपरीवेक्षण गर्दा नगरपालिकाले कुनै भवन निर्माण भवन संहितामा तोकिएको स्तर अनुरुप नभएको पाएमा भवन निर्माण गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशन पालना गर्ने सम्बन्धित व्यक्ति, संस्था वा सरकारी निकायको कर्तव्य हुने उल्लेख छ । नगरपालिकाले नगरपालिका क्षेत्रभित्र निर्माणाधिन भवनको निर्माणको सुपरीवेक्षण गर्ने गरेको देखिएन । | |
| १०८ | | | **नयाँ म.ले.प.फारामहरुको प्रयोग**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) ले स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था गरेको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २३ मा कारोबारको लेखा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नु पर्ने व्यवस्था छ । महालेखापरीक्षकबाट मिति २०७६/२/१९ मा नयाँ ढाँचाका सरकारी लेखा फारामहरु ( म.ले.प. फाराम) स्वीकृत भएका छन् । कार्यालयले पुराना ढाँचाका फारामहरुको प्रयोग गर्दै आएकोमा नयाँ ढाँचाका लेखा फारामहरु प्रचलनमा ल्याउनुपर्दछ । | |
| १०९ | | | **ऋण अनुदान**<br>राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ अनुसार युवाहरुलाई सवल, सक्षम, आत्मनिर्भर बनाउदै उनीहरुको सार्थक सहभागीता र नेतृत्व क्षमताको विकास गरी युवा परिचालन मार्फत सामाजिक रुपान्तरणबाट समृद्ध स्थानीय तह निर्माण कार्यमा टेवा पुर्‍याउन एक स्थानीय तह एक वडा एक युवा क्लव एक उद्यम कार्यक्रमलाई युवा परिषदले कार्यान्वियनमा ल्याएको हो । सो कार्यक्रम अन्तर्गत नगरपालिकाले कृषि तथा पशुपन्छीमा आधारित उद्यम व्यवसाय संचालनका लागि असल साथी कृषक फर्मलाई रु.५ लाख विना ब्याज ऋण अनुदान उपलब्ध गराएको छ । युवा परिषदको सो कार्यक्रम संचालन कार्यविधि, २०७६ को परिच्छेद ६ दफा १० (५) मा कुल ऋण रकमको दोस्रो वर्ष १० प्रतिशत, तेस्रो वर्ष २० प्रतिशत, चौथो वर्ष ३० प्रतिशत र पाचौ वर्ष ४० प्रतिशत रकम गरी पूर्णरुपमा सम्बन्धित स्थानीय तहले तोकेको युवा उद्यम विकास घुम्ती कोष खातामा फिर्ता गर्नु पर्नेछ । उद्यमी युवा समूहले प्राप्त ऋण व्यवसायको व्यवसायिक कार्ययोजना अनुसार ५ बर्ष भित्र स्थानीय तहको युवा उद्यम विकास घुम्ती कोष खातामा फिर्ता गरिसक्नुपर्नेछ । नगरपालिकाले प्रदान गरेको ऋण अनुदानको सहि सदुपयोग भए नभएको अनुगमन मूल्याङ्कन गर्नुपर्ने र कार्यविधि अनुरुप घुम्ती कोषमा फिर्ता गर्ने व्यवस्था मिलाउनु पर्दछ । कार्याललले यस्तो फिर्ता प्राप्त गर्नुपर्ने रकमको अभिलेख अद्यावधिक अद्यावधिक गरी राख्नु पर्दछ । | |
| ११० | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद, विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउने तर्फ ध्यान दिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १११ | | | **कृषि तथा पशु उद्यमशिलता कार्यक्रम**<br>पालिकाले कृषि तथा पशुपालनमा संलग्न कृषकहरुको उद्यशिलतालाई प्रोत्साहन गर्न तथा उनिहरुको आयस्तर वृद्धि गर्नका लागि कृषि अनुदान रकम उपलब्ध गराएको देखिन्छ । नगरपालिकाले अनुदान प्राप्त गर्ने लाभग्रहीहरुको अभिलेख विवरण अद्यावधिक नगरेकाले वास्तविक र अनुदान पाउन योग्य किसानहरुले नै पाएको छ भन्ने एकिन गर्न सकिएन । अनुदान वितरणबाट ति कृषकको जिवनस्तरमा कस्तो सुधार आयो, गत वर्ष र आगामी आर्थिक वर्षमा एउटै लाभग्राही दोहोरीने सम्भावनालाई मध्यनजर गर्दै अनुदान पाउने लाभग्राहीहरुको अभिलेख राख्नु पर्ने देखिन्छ । वर्षभरी भएका कार्यक्रमहरुको प्रगतिबारे समिक्षा हुनुपर्दछ । | |
| ११२ | | | **सूचना प्रकासन**<br>कार्यालयको सूचना प्रकाशन गरे वापत श्रद्धा एडभरटाइजिङ्ग एण्ड सप्लायर्स झापालाई २-०७७/५/९ बाट रु. २४८७६९ भुक्तानी दिएको छ । भुक्तानीमा १५ प्रतिशत छुट गरी भुक्तानी भएको पाइयो । यस्तै प्रकृतिको देहायको सूचना प्रकाशन गर्दा छुट नलिई भुक्तानी दिएकोले कार्यालयलाई बढी व्ययभार परेको परेको देखिन्छ रु | ८८,४८५ |

| भौचर र मिति | सूचान प्रकाशन गर्ने फर्म | भुक्तानी रकम | १५ प्रतिशत |
|---|---|---|---|
| ९४-०७७/६/२३ | श्रद्धा एडभरटाइजिङ्ग एण्ड सप्लायर्स झापा | ८४००० | १२६०० |
| २२१-०७७/८/१५ | श्रद्धा एडभरटाइजिङ्ग एण्ड सप्लायर्स झापा | १३०१०० | १९५१५ |
| २४-०७७/७/४ | श्रद्धा एडभरटाइजिङ्ग एण्ड सप्लायर्स झापा | ३१६४०० | ४७४६० |
| २७१-०७७/७/१४ | रेन्वो पमिडिया प्रा लि | ५९४०० | ८९१० |
| | जम्मा | | ८८४८५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११३ | | | **गणित अभ्यास पुस्तिका वितरण**<br>नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम गणितसंग खेलौं अन्तरगत कक्षा ८ देखि १० सम्माका ४६ सामुदायिक विद्यालयमा गणित अभ्यास पुस्तिका वितरण गर्न ९५०० थान अभ्यास पुस्तिका खरिद रु. ४९८७४८ गरी भौचर नं ६९७÷०७८/३/१४ खर्च जनाएको छ । विद्यालयलाई अभ्यास पुस्तिक वितरण गरी बाँकी ४०७० थान भण्डारमा नै रहेको छ । अत पालिकामा बाँकी रहेको पुस्तिका विद्यालयलाई वितरण गरी कागजात पेश गर्नुपर्ने रु. | २१३,६७४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११४ | | | **मर्मत संभार कोष**<br>यस कोषमा गत वर्षको मौज्दात रु ६८७७७५९.८६ र यस वर्षको आम्दानी रु.९७०२२४०.९८ समेत जम्मा रु.१६५८००००.६६ मध्ये रु.१००१९२६६.०५ खर्च भइ रु. ६५६०७३४.६१ कोषमा मौज्दात रहेको छ । सूर्योदय नगरपालिकाले मर्मत संभार कोष निर्देशिका, २०७४ जारी गरी मर्मत संभार कोषको व्यवस्था गरेको हो । प्रकरण १०(क) मा नगर यातायात गुरुयोजनाका आधारमा सडकको प्राथमिकता निर्धारण गरी मर्मत संभार योजना बनाउने र सोही अनुसार मर्मत-संभार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । कोष सञ्चालन समितिले नगर यातायात गुरुयोजनाका आधारमा सडकको प्राथमिकता निर्धारण नगरी समितिको निर्णयबाट ५९ वटा योजनाको मर्मत संभार कार्यमा रु. १००१९२६६.०५ खर्च लेखेको छ । नगर यातायात गुरुयोजनाका आधारमा सडकको प्राथमिकता निर्धारण नगरी मर्मत कोषको रकम खर्च गर्नु नियम सम्मत देखिएन । निर्देशिकाको पालना गरी कोषको रकम खर्च गर्नुपर्दछ । | |
| ११५ | | | **त्रिपाल खरिद**<br>पालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार वार्षिक खरिद योजना बनाई तोकिएको समयमा सामान खरिद गर्नुपर्दछ । विपदबाट क्षतिग्रस्त संरचना पुनर्निर्माण कार्यका लागि सामाग्री खरिद उल्लेख भई हलेसी फर्निचर झापाबाट रु.३२१८ का दरले १०० वटा त्रिपाल खरिद गरी भौचर नं ८५२- २०७८/३/३० बाट रु. ३२१८०३ भुक्तानी गरेको छ । खरिद गरेको त्रिपाल ३ वटा मात्र वितरण गरी बाँकी ९७ वटा भण्डारमा नै रहेको पाइयो र बाँकी रहेको त्रिपाल अर्को आर्थिक वर्षमा वितरण गरेको कार्यालयले जनाएको छ । नगरपालिकाले विपद जस्तो जुनसुकै समयमा आइपर्न सक्ने कार्यको लागि छुट्याएको रकम आर्थिक वर्षको अन्त्यमा खर्च गर्दा कार्यक्रम अनुसारको उद्धेश्य पुरा हुन सक्ने देखिएन । अत यस्तो खर्चमा आवश्यकताको आधारमा समयमै गरी खर्चमा मितव्ययिता कायम गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ । | |
| ११६ | | | **वातावरण कोष**<br>नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७६ अनुसार वातावरण संरक्षण तथा प्रदुषण रोकथा देखि फोहोरमैलाको व्यवस्थापन गर्ने कार्यमा कोषको खर्च गर्नुपर्ने व्यवस्था छ । कोषमा गत वर्षको मौज्दात रु.१६५७७१२.०० रहेको र सोही मौज्दातबाट यस वर्ष वातावरण संरक्षण, वृक्षारोपण तथा क्षतिग्रस्त संरचनाको मर्मत संभारमा रु.६४६७९१.८६ खर्च भई बाँकी रु.१०१०९२०.१४ रहेको छ । ऐनको उद्धेश्य अनुरुप वातावरण तथा प्राकृतिक संरक्षणको कार्यमा कोषको खर्च थप प्रभाकरी रुपमा संचालन गर्नुपर्दछ । | |
| ११७ | | | **अभिलेख व्यवस्थापन**<br>स्थानीय तहमा स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७७।७८ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था उल्लेख छ । सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नेतर्फ अभिलेख व्यवस्थापन तिर ध्यान दिनुपर्ने देखिन्छ । | |
| ११८ | | | **महिला तथा बालबालिका विकास कोष**<br>यस कोषमा गत वर्षको मौज्दात रु १२७०१०४.०० रहेको छ । नगरपालिकाले यस कोषको सञ्चालन सम्बन्धी व्यवस्था गर्न छुट्टै कानूनको निर्माण गरेको देखिएन । कानून निर्माण नगरी कोष सञ्चालन हुन नसक्ने भएकोले कोषमा रहेको रकम निष्कृय रहेको छ । कोष सञ्चालनमा ल्याउनका लागि आवश्यक कानून निर्माण गर्नु पर्ने अन्यथा कोषमा रहेको रकम सञ्चित कोषमा दाखिला गरी खाता वन्द गर्नुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११९ | | | **उद्यम विकास कोष**<br>नगरपालिकाले उद्यम विकास कोष निर्देशिका तयार गरी उद्यम विकास कोषको स्थापना गरेको छ । उक्त कोषमा गत वर्ष रु ५० लाख मौज्दात रहेकोमा यस वर्ष सञ्चित कोषबाट थप २५ लाख प्राप्त भइ आ.ब. २०७७/७८ को लागि रु. ७५ लाख जिम्मेवारी सरेको छ । कोषको सञ्चालनका लागि कार्ययोजना तयार गरी नगर सभाबाट स्वीकृत गराउनुपर्ने व्यवस्था भएकोमा कोषबाट सञ्चालन गर्ने कृयाकलापको कार्ययोजना तथा बजेट नगर सभाबाट स्वीकृत गराएको छैन । सञ्चालन गरिने कृयाकलाप स्पष्ट नभइ कोषमा रकम निष्कृय राख्नु उपयुक्त हुँदैन । | |
| १२० | | | **मानव संसाधन विकास कोष**<br>यस कोषमा गत वर्षको मौज्दात रु १७९१७८१.०० रहेकोमा यस वर्ष रु १० लाख प्राप्त भई आ.ब. २०७७/७८ को लागि रु २७९१७८१।०० जिम्मेवारी सरेको छ । नगरपालिकाले मानव संसाधन विकास कोष (सञ्चालन) कार्यविधि २०७५ स्वीकृत गरी लागु गरेको छ । कार्यविधिको बुँदा १६ मा नगरपालिकाको समग्र मानव संसाधन विकासको अवस्था र सम्भावनाको अध्ययन गरी न्यूनतम ३ वर्षको लागि नगरस्तरीय मानव संसाधन क्षमता विकास योजना तर्जुमा गरी कार्यपालिकाबाट स्वीकृत गराइ लागु गर्नुपर्ने व्यवस्था छ । कोष व्यवस्थापन समितिले त्यस्तो योजना तर्जुमा गरेको छैन । नगरपालिकाको मानवीय क्षमता विकासका लागि मानव संसाधनको अवस्था र सम्भावनाका आधारमा क्षमता विकास योजना तयार गर्नुपर्दछ । | |
| १२१ | | | **कन्टिन्जेन्सी कोष**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसूची १ अनुसार कन्टीन्जेन्सी खर्चको व्यवस्था गरेको छ । नियमावलीको नियम १० (७) अनुसार अनुसूची १ मा वर्क चार्ट खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत भनी उल्लेख छ । कार्यालयबाट प्रत्येक आयोजनामा ३ प्रतिशत सम्म कन्टिन्जेन्सी कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन । कन्टिजेन्सी कोष परीक्षण गर्दा पूँजिगत भौचर नं. २७९ देखि २८४ बाट कन्टिनजेन्सी भौचर उठाई रु २६,८३,३७० र अपांगता कोषबाट रु १,३१,०९२.७४ कन्टिन्जेन्सी कोषमा आम्दानी बाँधेको देखिन्छ । आयोजनागत कन्टिन्जेन्सी खर्च खाता नराखी योजना अनुगमन, कार्यालय सामान, मर्मत, बैठक भत्ता लगायतमा रु २८,१४,४६२.७४ खर्च गरेको देखियो । | |
| १२२ | | | **गरिवी निवारण कोष**<br>साविक जिल्ला विकास समिति मार्फत सञ्चालित सामाजिक परिचालन कार्यक्रम (गरिव सँग विश्वेश्वर कार्यक्रम समेत) का लागि जिल्ला विकास समितिको गरिवि निवारण कोषमा रहेको मौज्दात रकम वाँडफाँड भइ गत वर्ष यस नगरपालिकामा रु २०६३३४।०० प्राप्त भइ यस कोषमा जम्मा भएको छ। उक्त रकमको अतिरिक्त साविकमा गरिवसँग विश्वेश्वर कार्यक्रम सञ्चालन भएका साविकका पशुपतिनगर गाविस (हालको वडा नं २ र ३) तथा साविकको समालबुङ गाविस (हालको वडा नं ५) मा गठीत समूहहरुमा लगानी भएको रकम समेत यस नगरपालिकालाई हस्तान्तरण भएको विवरण प्राप्त भएको छ। समूहमा विगत देखि लगानी भएको रकमको परिचालनको अवस्था बारे यकिन हुन सकिएन । उक्त रकम असुल हुन सक्ने वा नसक्ने यकिन गरी आवश्यक निर्णय लिनुपर्ने देखिन्छ । कोषमा रहेको रकम समेत परिचालन भएको छैन । | |
| १२३ | | | **आन्तरिक लेखापरीक्षण प्रतिवेदन**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ मा कार्यालयले आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औलाइएको कैफियत अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी वेरुजु फछ्र्यौट गर्नुपर्ने व्यवस्था भएको निम्न वेरुजुहरु फछ्र्यौट गरेको देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२३.१</td><td></td><td></td><td>नगरपालिकालाई प्रदेश सरकारबाट प्राप्त फिर्ता गर्नु पर्ने अनुदान (सशर्त र समपुरक) वापत प्राप्त रु ९६११९०००.०० मध्ये आर्थिक वर्ष भित्र खर्च भएको रकम रु २७३३०९८८.२९ कट्टा गरी बाँकी रकम रु ६८७८००११.७१ प्रदेश सरकारको सञ्चित कोषमा फिर्ता गर्नु पर्नेमा कार्यालयले रु ९९७७१९३७।९५ फिर्ता गरेबाट रु ३०९९१९२६।२४ सञ्चित कोषको मौज्दात न्यून रहेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२३.२</td><td></td><td></td><td>कार्यालयले खर्च खाताबाट भुक्तानी गरी जारी भएका चेकहरु १५ दिन भित्र सम्बन्धीत बैकबाट भुक्तानी भइसक्नु पर्ने व्यवस्था छ । २०७८ असार मसान्त अघी भुक्तानीबाट जारी भएका देहायका चेकहरु कोभिड महामारीका कारण भुक्तानी गर्ने बैंक बन्द भएका कारण १५ दिन भित्र सटहि हुन नसकेको कारण कार्यालयले विविध खर्च खाता ग २ ७ मा ट्रान्स्फर गरी आम्दानी जनाएको छ । उल्लेखित रकम मध्ये कार्यालयबाट के कति भुक्तानी भयो सो को विवरण पेश भएको छैन । भुक्तानी नभइ बाँकी रहेको रकम अविलम्ब सञ्चित कोष दाखिला हुन पर्दछ ।
<table>
<tr><th>सि.नं</th><th>खाताको नाम</th><th>समूह</th><th>असार मसान्तसम्ममा भुक्तानी हुन बाँकी रकम</th><th>२०७८ श्रावण १२ सम्म भुक्तानी भएको रकम</th><th>विविध खर्च खातामा ट्रान्स्फर रकम</th></tr>
<tr><td>१</td><td>चालु खर्च खाता</td><td>ग २ २</td><td>१३१९२५२५४.९६</td><td>१३१०९४७६५.४१</td><td>८३०४८९.५५</td></tr>
<tr><td>२</td><td>पुँजीगत खर्च खाता</td><td>ग २ ४</td><td>२७६८२८११५.६८</td><td>२७६६८१७७९.५</td><td>१४६३३६.१८</td></tr>
<tr><td>३</td><td>विविध खर्च खाता</td><td>ग २ ७</td><td>१९३६१०१.</td><td>१९२८८१२.</td><td>७२८९.</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>९८४११४.७३</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२३.३</td><td></td><td></td><td>साविक जिल्ला विकास समिति मार्फत सञ्चालित सामाजिक परिचालन कार्यक्रम (गरिव सँग विश्वेश्वर कार्यक्रम समेत) का लागि जिल्ला विकास समितिको गरिवि निवारण कोषमा रहेको मौज्दात रकम वाँडफाँड भइ गत वर्ष यस नगरपालिकामा रु २०६३३४।०० प्राप्त भइ यस कोषमा जम्मा भएको छ। उक्त रकमको अतिरिक्त साविकमा गरिव सँग विश्वेश्वर कार्यक्रम सञ्चालन भएका साविकका पशुपतिनगर गाविस (हालको वडा नं २ र ३) तथा साविकको समालबुङ गाविस (हालको वडा नं ५) मा गठीत समूहहरुमा लगानी भएको रकम समेत यस नगरपालिकालाई हस्तान्तरण भएको विवरण प्राप्त भएको छ। समूहमा विगत देखि लगानी भएको रकमको परिचालनको अवस्था बारे एकिन हुन सकिएन । उक्त रकम असुल हुन सक्ने वा नसक्ने एकिन गरि आवश्यक निर्णय लिन पर्ने देखिन्छ । कोषमा रहेको रकम समेत परिचालन भएको छैन । विगत वर्षको लगानीमा रहेको रकमको विवरण निम्नानुसार छ ।<br><br>गरिव सँग विश्वेश्वर ऋणपुंजी लगानी पशुपतिनगर
<table>
<tr><th>क्र.सं</th><th>समूहको नाम</th><th>ऋणपुँजी</th><th>जगेडा कोष</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>पञ्चकन्या वचत समूह पशुपतिनगर</td><td>१००००.</td><td>२०००.</td><td>१२०००.</td></tr>
<tr><td>२</td><td>सयपत्री वचत समूह पशुपतिनगर</td><td>१००००.</td><td>२०००.</td><td>१२०००.</td></tr>
<tr><td>३</td><td>सुनाखरी वचत समूह पशुपतिनगर</td><td>१००००.</td><td>२०००.</td><td>१२०००.</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ४ | छारग्याम वचत समूह पशुपतिनगर | १६०००. | २०००. | १८०००. | | |
| | | | | ५ | पशुपति वचत समूह पशुपतिनगर | १००००. | २०००. | १२०००. | | |
| | | | | ६ | सम्झना वचत समूह पशुपतिनगर | ६०००. | २०००. | ८०००. | | |
| | | | | ७ | देउराली वचत समूह पशुपतिनगर | १००००. | २०००. | १२०००. | | |
| | | | | ८ | हरियाली वचत समूह पशुपतिनगर | १२०००. | २०००. | १४०००. | | |
| | | | | ९ | सातातारा वचत समूह पशुपतिनगर | ६०००. | २०००. | ८०००. | | |
| | | | | १० | देवीधारा वचत समूह पशुपतिनगर | १००००. | २०००. | १२०००. | | |
| | | | | ११ | सगरमाथा वचत समूह पशुपतिनगर | ८०००. | २०००. | १००००. | | |
| | | | | १२ | अजम्बरी वचत समूह पशुपतिनगर | ८०००. | २०००. | १००००. | | |
| | | | | १३ | पावनभूमी वचत समूह पशुपतिनगर | ६०००. | २०००. | ८०००. | | |
| | | | | १४ | नवज्योति वचत समूह पशुपतिनगर | ६०००. | २०००. | ८०००. | | |
| | | | | १५ | कञ्चनजंघा वचत समूह पशुपतिनगर | १४०००. | २०००. | १६०००. | | |
| | | | | | जम्मा | १४२०००. | ३००००. | १७२०००. | | |
| | | | **गरिव सँग विश्वेश्वर ऋणपुंजी लगानी समालबुङ** | | | | | | | |
| | | | | क्र.सं | समूहको नाम | ऋणपुँजी | जगेडा कोष | जम्मा | | |
| | | | | १ | शान्ति वचत समूह समालबुङ | १२०००. | २०००. | १४०००. | | |
| | | | | २ | सूर्योदय वचत समूह समालबुङ | १२०००. | २०००. | १४०००. | | |
| | | | | ३ | दीपज्योती वचत समूह समालबुङ | १२०००. | २०००. | १४०००. | | |
| | | | | ४ | लालीगुराँस वचत समूह समालबुङ | १२०००. | २०००. | १४०००. | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| १२४ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्योट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्योट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस वर्ष सम्परीक्षणका लागि पेश हुन आएन । | |
| १२५ | | | बेरुजुको अध्यावधिक विवरण<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । | |

| | | | |
|---|---|---|---|---|
| ५ | कञ्चनजंघा वचत समूह समालबुङ | १४०००. | २०००. | १६०००. |
| ६ | लालीगुराँस वचत समूह समालबुङ | १२०००. | २०००. | १४०००. |
| ७ | सगरमाथा वचत समूह समालबुङ | १२०००. | २०००. | १४०००. |
| ८ | गोरख वचत समूह समालबुङ | १२०००. | २०००. | १४०००. |
| ९ | भाग्योदय वचत समूह समालबुङ | १४०००. | २०००. | १६०००. |
| | जम्मा | ११२०००. | १८०००. | १३००००. |

(रु. हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ९७६४४ | ० | | ० | |